# वन-उपवन

अर्धवार्षिक

वर्ष १ २०५३ अङ्क १



*नर्सरीमा बिरुवा उत्पादन हुँदैं*

प्रकाशक

**वनपैदावार विकास समिति**

केन्द्रीय कार्यालय

बबरमहल, काठमाडौं

*लोगो डिजाइन : शुकदेव पुरी*

*फोटो सङ्कलन : दिव्यदेव भट्ट*

*रमेशराज पन्त*

# *विषय सूची*


| | | |
|---|---|---|
| १. समाचार | | |
| २. वनपैदावार विकास समितिको वृत्तान्त | रमेशराज पन्त | १ |
| ३. वन व्यवस्थापन समस्या र समाधानका उपायहरू | दिव्यदेव भट्ट | ७ |
| ४. सागरनाथ वनविकास परियोजना एक सिंहावलोकन | रामप्रसाद पौडेल | ११ |
| ५. रतुवामाई वृक्षरोपण आयोजना एक परिचय | सुरेन्द्रराजभक्त नेपाली | १७ |
| ६. नेपालगन्ज वनविकास परियोजनाबारे एक जानकारी | दिव्यदेव भट्ट | २२ |
| ७. सिसौमा रोग | डा. सुशीमरञ्जन बराल | २४ |
| ८. खयरबारे जानकारी | | २५ |



## वृक्षरोपणको लागि बिरुवा

वृक्षरोपणको समय भयो। आफ्नो निजी जग्गा, खेतबारीको डिल, नदीकिनार वा पर्तीजग्गामा कुन-कुन रूख कसरी लगाउने भन्नेबारे नजिकको परियोजना वा वन कार्यालयमा सम्पर्क राखौं। समितिले आफ्ना परियोजनाहरूमार्फत बिरुवाहरू बिक्री-वितरणको व्यवस्था मिलाएको छ। सरकारी, गैरसरकारी सङ्घसंस्था तथा सर्वसाधारण सबैका लागि निम्नानुसार दररेटमा बिरुवाहरू उपलब्ध छन्–

| | |
|---|---|
| पोलिब्याग बिरुवाको | रु. १।५० प्रतिबिरुवा |
| सिसौ कटिङ बिरुवाको | रु. १।५० प्रतिकटिङ |
| टिक कटिङ बिरुवाको | रु. २।– प्रतिकटिङ |

**वनपैदावार विकास समिति**

# वन-उपवन

**प्रमुख सल्लाहकार**
श्री राधाप्रसाद ओझा

**सल्लाहकारहरू**
श्री दिव्यदेव भट्ट
श्री रामप्रसाद पौडेल
श्रीमती विमला पाण्डे
श्री सुरेन्द्रराजभक्त नेपाली
श्रीमती सुसन श्रेष्ठ

**मुख्य व्यवस्थापक**
श्री कुमार घिमिरे

**व्यवस्थापकहरू**
श्री शुकदेव पुरी
श्री विनोद थापा

**सम्पादकद्वय**
श्री तोयनाथ पन्त
श्री रमेशराज पन्त

## सम्पादकीय

*'वन-उपवन' नामक प्रस्तुत पत्रिका वनपैदावार विकास समितिको प्रथम, नियमित र आधिकारिक प्रकाशन भएको हुँदा यसको यो प्रथम अङ्क पाठकको हातमा पुग्दा समस्त समितिपरिवार गौरवान्वित हुनु स्वाभाविकै हो । यो अर्धवार्षिक पत्रिका प्रकाशन गर्नुको मुख्य उद्देश्य नै वनपैदावार विकास समिति र सम्बद्ध पक्षका बारेमा सर्वसाधारणलाई सुसूचित गराउनु हो । कुनै पनि प्रकाशनको लक्ष्य निरन्तर सूचनाप्रवाहद्वारा सम्बद्ध संस्थाको बारेमा जानकारी बढाउँदै अवधारणा सङ्ल्याउनु हो । साथै यो संस्थाको वैचारिक मञ्च पनि हुनाले संस्थालाई पारिवारिक सूत्र प्रदान गर्ने आशा राखेका छौं ।*

*जस्ता कि पत्रिकाको नाम र प्रकाशकको प्रतिबद्धताअनुरूप लोकमानसमा जे प्रस्तुत हुनुपर्न हो, त्यही नै प्रकाशनको उद्देश्य हो । वनविकास, वातावरणीय सन्तुलन र वनकर्मीहरूको प्रतिभा विकासजस्ता हाम्रा मौलिक सूचना एवं विचारको अलावा हामी विविध प्रविधि, ज्ञान र सीपका बारेमा पनि सूचना प्रवाह गर्ने नै छौं । तर तमाम प्रतिबद्धताका बाबजुद पनि यो एउटा तथ्य के विद्यमान छ भने, हामी छापामाध्यमबाट प्रथम पटक जनमानसमा प्रस्तुत हुँदैछौं । यस्तोमा समस्त विषयवस्तुहरू यसै अङ्कमा समेट्न कठिन त थियो नै साथै प्रथम प्रयासमा हुने कमीकमजोरीतर्फ ध्यान नपुगेको पनि हुन सक्छ । सबै कमीकमजोरी एवं त्रुटिहरूलाई शैशवकालीन स्वाभाविक व्यवहार मानी क्षमा प्रदान गर्नु नै हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।*

*हाम्रो यो प्रकाशनले स्वरूप पाउनुअघि यसबारे चिन्तन गरी हामीलाई हौसला प्रदान गर्नुहुने हाम्रा तत्कालीन योजनाप्रमुख श्री श्रीनिवास खनालज्यूलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै यस्तै सहयोग र स्नेह निरन्तर पाइराख्न सबै शुभेच्छुकहरूसँग अपील गर्दछौं । प्रस्तुत अङ्कमा त्रुटि एवं कमीकमजोरी देखिएमा आवश्यक सुधारको लागि सुझाव दिई सहयोग गर्नहुन पनि समस्त पाठकवृन्दमा हार्दिक अपील गर्दछौं ।*

'वन-उपवन' प्रत्रिकामा प्रकाशित लेख / रचनामा उद्धृत सूचना वा विचार लेखकहरूका जिम्मेवारीअन्तर्गत पर्छन् । तसर्थ प्रकाशित लेख / रचनाबारे प्रतिक्रिया वा कुनै प्रश्न उठेमा सम्बन्धित लेखक स्वयं जवाफदेही हुने बेहोरा जानकारी गराइन्छ ।

**– सम्पादक**

# समाचार

## १. माननीय वन तथा भूसरक्षण मन्त्री शेख इद्रिशज्यू अमेरिकातर्फ

काठमाडौं, जेठ १३ गते। संयुक्तराज्य अमेरिकास्थित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था 'द माउण्टेन इन्ष्टिच्यूट' का अधिकारीहरूसँग मकालु-वरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षणक्षेत्र योजनालाई दिगो र प्रभावकारी बनाउनेबारे छलफल गर्न ६ सदस्यीय नेपाली प्रतिनिधिमण्डल संयुक्तराज्य अमेरिकातर्फ प्रस्थान गऱ्यो। माननीय वन तथा भूसंरक्षण मन्त्री शेख इद्रिशले नेतृत्व गर्नुभएको सो प्रतिनिधिमण्डलमा वन तथा भूसंरक्षण मन्त्रालयका सचिव श्री नारायणराज तिवारीलगायत मन्त्रालयका अन्य उच्चअधिकृतहरू संलग्न हुनुहुन्छ।

## २. नेपाल वन प्राविधिक सङ्घको चुनाव परिणाम


काठमाडौं, जेठ १३ गते । नेपाल वन प्राविधिक सङ्घको कार्यकारिणी पदाधिकारीहरूको गत वैशाख ३० गते सम्पन्न निर्वाचनको मतगणनाकार्य जेठ १२ गते सम्पन्न भएको छ। नेपाल वन प्राविधिक सङ्घबाट प्राप्त निर्वाचन परिणामअनुसार श्री श्रीनिवास खनाल सङ्घको अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ। आफ्ना निकटतम प्रतिद्वन्द्वी श्री हिम्मतसिंह के. सी. को १४८ मतको तुलनामा २२७ मत ल्याई विजयी हुनुभएका श्री खनाल यसअघि वनपैदावार विकास समितिका योजनाप्रमुख हुनुहुन्थ्यो । त्यस्तै, उपाध्यक्ष पदमा श्री रमेशकुमार आचार्य, महासचिव पदमा श्री लालनारायण सिंह, सहसचिव पदमा श्री दामोदर शर्मा र कोषाध्यक्ष पदमा श्रीमती रञ्जुहजुर पाण्ड (भण्डारी) निर्वाचित हुनुभएको छ। सङ्घको कार्यकारिणी सदस्य पदमा क्रमशः श्री अरुणकुमार, श्रीवास्तव, श्री कपिलबहादुर चित्रकार, श्री कुलदीप पौडेल, श्री गोपालभक्त माथेमा, श्री ठाकुर सिल्वाल, श्री तुल्सीराम शर्मा, श्री यमबहादुर थापा र श्री योग्यनारायण सिंह निर्वाचित हुनुभएको छ। नेपाल वन प्राविधिक सङ्घको कार्यकारीणी पदहरूको निर्वाचन प्रत्येक तीन वर्षमा हुने प्रावधान छ।

## ३. आँधीबेहरीले रूख ढाल्यो

गत वैशाख २९ गते झापा जिल्लामा आएको भीषण हुरीबतासको कारण रतुवामाई वृक्षरोपण आयोजनालाई निक्कै हानि पुगेको छ। रतुवामाई वृक्षरोपण आयोजनाको वनक्षेत्रमा विभिन्न जातका गरी २,६६५ रूखहरू भाँचिएका छन् र १,२१६ वटा रूखहरू जरैसमेत उखेलिएको समाचार आयोजनाको कार्यालय केरखा झापाबाट प्राप्त हुन आएको छ। २,२३८ हेक्टर क्षेत्रमा वृक्षरोपण गरी हुर्काइएका विभिन्न जातका रूखबिरुवाहरू व्यवस्थित र संरक्षण कार्य भइरहेको बेला यस प्राकृतिक प्रकोपबाट भएको नोक्सानी ठूलै मानिएको छ। हुरीबतासले ढलेका वा भाँचिएका ती वनपैदावारहरू जम्मा गरी चट्टा लगाउने कार्य तदारुकताका साथ भइरहेको समेत समाचारसूत्रले जनाएको छ।

यसैबीच सोही आँधीबेहरीले झापा जिल्लामा करिब १७ हजार रूख ढलेका र हजारौंको सङ्ख्यामा हाँगाबिँगा र टुप्पाहरू भाँचिएको कारण झापाका प्राकृतिक जङ्गलहरू पनि प्रभावित भएको समाचार प्राप्त भएको छ। अहिले झापा जिल्ला वन कार्यालयले करिब ३० हजार क्यूफिट काठ जम्मा गरिसकेको कुरा सोही कार्यालयका सहायक वन अधिकृत देवी कोइरालाले बताउनुभएको समाचार टिपिएको छ।

# वनपैदावार विकास समितिको वृत्तान्त



– रमेशराज पन्त

नेपालको प्राकृतिक स्रोतहरूमध्ये थोरै लगानीमा तुरुन्तै परिचालन र उपभोग गर्न सकिने स्रोत वनसम्पदा नै हो। प्राकृतिक वनसम्पदाको सदुपयोग, चाँडो हुर्कने जातका रूखहरू वृक्षरोपण तथा काठदाउरा आपूर्ति व्यवस्थालाई नियमित एवं सुचारु गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत यो वनपैदावार विकास समिति २०३३ सालमा गठन भएको हो। गठन आदेशानुसार समिति सञ्चालन गर्न हाल निम्न पदाधिकारीहरू रहेको सञ्चालक समिति कार्यरत छ–

## सञ्चालक समिति

| | |
|---|---|
| सचिव– वन तथा भूसंरक्षण मन्त्रालय | – अध्यक्ष |
| महानिर्देशक– वनविभाग | – सदस्य |
| प्रतिनिधि– अर्थ मन्त्रालय | – सदस्य |
| प्रतिनिधि– नेपाल वन उद्योग सङ्घ | – सदस्य |
| योजनाप्रमुख– वनपैदावार विकास समिति | – सदस्यसचिव |

समितिको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा छ र दैनिक प्रशासन योजनाप्रमुख अर्थात् समितिका सदस्यसचिव (रा. प. प्रथम श्रेणी, प्राविधिक) बाट सञ्चालित हुन्छ।

## समितिको इतिहास

विक्रम संवत् २०५३ साल असोज २५ गते बीस वर्षको हुने यस वनपैदावार विकास समितिले गएका बीस वर्षहरूमा वसन्त मात्रै देख्न पाएन, बरु कैयन् खडेरी र भुमरी झेल्दै अघि बढ्दैछ। कम हैसियत भएका वनजङ्गललाई वैज्ञानिक व्यवस्थापन प्रक्रिया अपनाई हैसियत सुधार गर्ने र अधिकतम प्रतिफल प्राप्त गर्ने उद्देश्यसहित वन तथा भूसंरक्षण मन्त्रालयअन्तर्गत गठित यस वनपैदावार विकास समितिले आफू अस्तित्वमा आउनासाथै आ. व. २०३३।०३४ मा विराटनगर (मोरङ) र धनगढी (कैलाली) मा वनपैदावार विकास उपसमिति कार्यालयहरू स्थापना गऱ्यो। त्यसको लगत्तै अर्को साल अर्थात् आ. व. २०३४।०३५ मा त्रियुगा, जनकपुर, वीरगन्ज, कपिलवस्तु र सुर्खेतमा गरी अरू थप पाँच वटा उपसमिति कार्यालयहरू स्थापना गरियो।

त्यसपछि २०३५ सालमा कम हैसियत भएको वनजङ्गललाई सर्पट कटान गरी उत्पादनशील वन लगाउन, छिटै बढ्ने र बढी उत्पादन दिने जातका बिरुवाहरू वृक्षरोपण गरी वनपैदावर आपूर्तिमा सघाउ पुऱ्याउन, रोजगारीको अधिकतम अवसर पैदा गर्न र वन व्यवस्थापनसम्बन्धी ज्ञान, सीप तथा प्रविधिको विकास गर्न एसियाली विकास बैंक एवं ओपेक फण्डको ऋण सहायताबाट सर्लाही जिल्लामा सागरनाथ वनविकास परियोजना स्थापना गरियो। सागरनाथ वनविकास परियोजना स्थापना भएपछि यसको सञ्चालनको लागि गठन आदेश २०३३ मा आवश्यक संशोधन हुनु जरुरी देखिएको हुँदा २०३५ सालमा पहिलो संशोधन गरियो। आ. व. २०३५।०३६ देखि सागरनाथ वनविकास परियोजना आफ्नो लक्ष्यलाई अधिकतम हासिल गर्न क्रियाशील छ।

सागरनाथ वनविकास परियोजनाको प्रथम चरणको कार्यक्रम शुरु हुनासाथै अर्थात् आ. व. २०३५।०३६ मै काठदाउरा बिक्रीवितरण आयोजनाअन्तर्गत नेपालगन्ज, सिन्धुली र कञ्चनपुरमा गरी थप ३ वटा वनपैदावार विकास उपसमिति कार्यालयहरू स्थापना गरिए। सोही कार्यक्रमअन्तर्गत सोही आ. व. मा झापाको केरखा भन्ने ठाउँमा कार्यालय राखी पूर्व कन्काई (माई) नदी र पश्चिम रतुवा नदीबीचको राजमार्ग उत्तरतर्फको ६,३७९ हेक्टर क्षेत्रफल भएको जग्गामा वन व्यवस्थापन गर्न रतुवामाई वृक्षरोपण आयोजना स्थापना गरियो। यसरी वनपैदावार विकास समिति आफ्नो उद्देश्यलाई अधिकतम फलदायी बनाउन स्थापित उपसमिति कार्यालयहरू, आयोजना-परियोजनाहरूलाई सन्तुलित व्यवस्थापन गर्न अग्रसर भएकै बेला कतिपय कामहरू समितिले नचाहँदानचाहँदै पनि भिडाइयो।

यसै क्रममा २०३६ सालमा तत्कालीन सोभियत सङ्घ सरकारको ऋण सहायताबाट अत्तरिया, कैलालीमा फ्याक्ट्री स्थापना गर्ने गरी खोटो व्यवस्थापन आयोजना स्थापित गरियो। सल्लाको रूखबाट खोटो निकालेर त्यसलाई प्रशोधन गरी बजारमा बेच्ने उद्देश्य राखी स्थापित त्यस आयोजनाको लागि सोभियत सङ्घ सरकारले यथार्थमा फ्याक्ट्री निर्माण गर्न वस्तु, प्रविधि र कलकत्ता पोर्टसम्म सामान पुऱ्याउन मात्र सहयोग उपलब्ध गराएको थियो जुन 'नगदी' नभएर 'जिन्सी' थियो। कारखाना स्थापना गर्ने क्रममा मात्रै समितिको रु. ४,०२,९८,९००।– नगद खर्च भइसकेको छ। त्यसै गरी आ. व. २०३६।०३७ मा झापामा वनपैदावार विकास उपसमिति स्थापना गरियो। झापाको जलथल र टोक्ला क्षेत्रका प्रसिद्ध प्राकृतिक जङ्गल टि. सि. एन. ले सर्पट कटानी कार्यक्रमअन्तर्गत सखाप पारिसकेपछि स्थापित झापा उपसमितिको काम कठिन थियो।

अधिराज्यव्यापी वन विनाशको गतिविधि तीव्रतम भएको बेला वनपैदावार विकास समितिका आयोजना-परियोजना र उपसमितिहरूले वन व्यवस्थापनको कार्यक्रम कठिनतापूर्वक चलाइराखेका थिए । यथार्थमा राजनैतिक सङ्क्रमणकालमा प्राय: वनसम्पदामाथि सार्वजनिक आक्रमण हुने गरेकोले त्यस्तो कठिनाइ आइपरेको हो ।

एसियाली विकास बैंकको ऋणसहयोगबाट सञ्चालित सागरनाथ वनविकास परियोजनाको दोस्रो चरणको कार्यक्रम सञ्चालन गर्न र बाँकेमा नेपालगन्ज वनविकास परियोजना स्थापना गरी त्यसको कार्यक्रम शुरु गर्न समितिको गठन-आदेशमा दोस्रो संशोधन गर्नु आवश्यक देखिएको हुँदा २०४३ मा संशोधन गरियो । नेपालगन्ज वनविकास परियोजनाले हालसम्म बाँके र बर्दियामा गरी ३,६८० हेक्टर वनक्षेत्रमा वनजङ्गलको हैसियत सुधार र वृक्षरोपण कार्य गरिसकेको छ । त्यस्तै सागरनाथ वनविकास परियोजनाले हालसम्म सर्लाही, महोत्तरी र रौतहट जिल्लाको १६,००० हेक्टर वनक्षेत्रमा आफ्ना कार्यक्रम चलाएर १०,९११.५० हेक्टरमा वृक्षरोपण गरिसकेको छ । सागरनाथ वनविकास परियोजनाको दोस्रो चरण र नेपालगन्ज वनविकास परियोजना एसियाली विकास बैंकको ऋणसहायताबाट तेस्रो वनविकास परियोजना (Third Forestry Development Project) का नाममा समितिद्वारा सञ्चालन शुरु गरिएपछिको कुरा हो आ. व. २०४३।०४४ मा सर्लाही, महोत्तरी, बारा, सुनसरी, रौतहट र नवलपरासीमा गरी थप ६ वटा उपसमिति कार्यालयहरू स्थापना गरिए । त्यसताका समिति आफ्नो प्रगतिमा तल्लीन त थियो नै तर नीति-निर्माताहरूको मूड र चालबारे अनभिज्ञ थियो । २०४४ साल वैशाख १७ गते अत्तरिया, कैलालीमा समितिको रु. ४,१३,००,०००।– रकम खर्च गरी फ्याक्ट्री तयार भएपछि सो फ्याक्ट्री नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेडलाई हस्तान्तरण गरियो । यथार्थमा खोटो व्यवस्थापन आयोजना नै नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेडको नयाँ नाममा प्रकट गराइएको थियो । यो नै समितिको लागि पहिलो प्रहार थियो । घायल समिति घाउ दुख्दादुख्दै वास्ता नगरी अघि बढ्यो । त्यसपछि आ. व. २०४४।४५ मा मकवानपुर, चितवन, दाङ, रूपन्देही र बर्दियामा पनि थप ५ वटा उपसमिति कार्यालयहरू स्थापना भएपश्चात् वनपैदावार विकास समितिको उपसमिति कार्यालयहरूको सङ्ख्या २२ वटा पुग्यो ।

अस्तित्वमा आएका सबै उपसमिति कार्यालयहरू र आयोजना-परियोजनाहरूले आफ्नो लक्ष्यअनुरूप सक्रियता बढाउनै लागेको बेला समितिमाथि दोस्रो र घातक वज्रप्रहार भयो । श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०४५ चैत १ गतेको निर्णय नं. १६ अनुसार समितिले कटान, ढुलान र बिक्रीवितरण आदि कार्य बन्द गरी मौज्दात काठहरू लागत मूल्यमा टि. सि. एन. लाई हस्तान्तरण गर्ने र समितिले गर्दै आएको उक्त कार्यहरू टि. सि. एन. ले मात्र गर्ने भनी घातक निर्णय भएकोले कामको अभावमा सबै २२ वटै उपसमिति कार्यालयहरू बन्द गरियो । वनपैदावार विकास समितिले टि. सि. एन. लाई श्री ५ को सरकारको उक्त निर्णयअनुसार उधारोमा हस्तान्तरण गरिएको उक्त काठहरूको यथार्थ मूल्य रु. १८ करोड समितिले आर्जन गर्न पाएन । उल्टै लागत मूल्य र राजस्व मात्र लिई पछि बिक्री गरी रकम बुझाउने गरी उक्त मौज्दात काठहरू मात्रै रु. ९,०३,२८,००४।– मा जिम्मा लगाइयो, तर त्यसको भुक्तानी हालसम्म पनि भइसकेको छैन । त्यति मात्रै कहाँ हो र ? सम्पूर्ण उपसमिति कार्यालयका सवारीसाधन, मेशिनरीलगायत जिन्सी मालसामानहरू सम्बन्धित जिल्लाका वन कार्यालयहरूलाई नि:शुल्क दिनुपर्‍यो ।

त्यसपछि वज्रपातको तेस्रो श्रृङ्खलाजस्तै गरी अर्को निर्णय भयो । मिति २०४६।६।९ मा श्री ५ को सरकार (मा. वन तथा भूसंरक्षण राज्यमन्त्रीस्तर) बाट रतुवामाई वृक्षरोपण आयोजनालाई वनविभागअन्तर्गतको तराई सामुदायिक वनविकास आयोजनाको कार्यक्रममा समावेश गरी झापा जिल्ला वन कार्यालयले सञ्चालन गर्न हस्तान्तरण गरियो । सो आयोजना वनविभागलाई हस्तान्तरण गर्नुअघि समितिले रु. १,२२,२६,२५२।६९ खर्च गरी २,२३८ हेक्टरमा वृक्षरोपण कार्य सम्पन्न गरिसकेको थियो । उच्चतम प्रगतिमा पुगेको समितिको दुर्गति गर्ने क्रम यहीं रोकियो; किनभने वनपैदावार विकास समितिका २ वटा परियोजनाहरू मात्र बाँकी रहे र ती संस्थाहरू विदेशी ऋणसहायताबाट चल्दै थिए । यसरी समितिले पटकपटक साधन, स्रोत र गरेको उपलब्धिहरू गुमाउँदै जानुपरे पनि यसका सञ्चालक तथा कार्यरत कर्मचारीहरूको उच्चतम मनोबल एवं बदलिंदो परिवेशको कारण २०४७ साल फागुन २७ गते गठन-आदेशको तेस्रो संशोधनबाट अपेक्षाकृत सुधारोन्मुख दिशातर्फ समिति लम्कियो ।

एसियाली विकास बैंकको ऋणसहायता समाप्त भएपछि कम हैसियतको वनजङ्गल कटान गरी उपलब्ध वनपैदावारहरू समितिले तोकेको मूल्यमा बिक्री गरी प्राप्त हुने रकमबाट राजस्व बुझाउने-लगायत अन्य खर्च कटाई बचत रकमलाई Revolving Fund को रूपमा परिचालन गर्ने, लघु-वनपैदावारको सदुपयोग र आपूर्तिको व्यवस्था मिलाउने तथा Revolving Fund को रकमबाट वृक्षरोपण गर्ने उद्देश्यसहित समिति आफ्नो लक्ष्यमा पुन: अघि बढ्न शुरु गर्‍यो । यस उद्देश्यलाई अधिकतम हासिल गर्न समितिको गठन-आदेशमा चौथो संशोधन २०५० मा गरियो । यसैबीच श्री ५ को सरकारको (मा. वन तथा भूसंरक्षण

राज्यमन्त्रीस्तर) मिति २०५१।६।७ को निर्णयबमोजिम झापा जिल्ला वन कार्यालयबाट रतुवामाई वृक्षरोपण आयोजना वनपैदावार विकास समितिलाई २०५१।११।१४ मा पुन: हस्तान्तरण भइआएको छ र आयोजनाले समितिको कार्यक्रम तदारुकताका साथ सञ्चालन गर्न थालेको छ । त्यसै गरी वनपैदावार विकास समिति कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली, २०३५ लाई समयानुकूल संशोधन गरी वनपैदावार विकास समिति कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली, २०५२ लागू गरियो । समितिको कार्यक्रम र कार्यक्षेत्र विस्तार गर्न गठन-आदेशमा पाँचौं संशोधन गर्नुपर्ने आवश्यकता महसुस गरी पाँचौं संशोधन २०५३ को कारबाही चल्दैछ ।

## समितिका उपलब्धिहरू

वनपैदावार विकास समितिले आफ्नो निकायहरूमार्फत रोजगारी, वनसंरक्षण, वन सदुपयोग, वृक्षरोपण र वनपैदावार आपूर्तिद्वारा राष्ट्रिय अर्थतन्त्र, वातावरणीय सन्तुलन तथा सामाजिक संरचनाको विकासमा ठूलो योगदान गरेको छ । टड्कारै प्रस्तुत गर्नुपर्दा समिति आफैंले निम्न उपलब्धिहरू हासिल गरेको कुरा खुलेरै भन्न सक्छ ।

### १. वृक्षरोपण र वनसंरक्षण

वनपैदावार विकास समितिल आजसम्म प्राप्त गरका ३५,१३४.२५ हेक्टर वनक्षेत्रमा वनसंरक्षण र वृक्षरोपण कार्यक्रम सञ्चालन गर्दैछ । जसमध्ये निम्नानुसार परियोजनाले गरेका वृक्षरोपणको तालिका यसप्रकार छ–

*(क) सागरनाथ वनविकास परियोजना*

पूरा क्षेत्रफल– १६,००० हेक्टर

वृक्षरोपण भइसकेको क्षेत्रफल– १०,९११.५० हक्टर ।

*(ख) नेपालगन्ज वनविकास परियोजना*

पूरा क्षेत्रफल– ८,५०० हेक्टर,

वृक्षरोपण भइसकेको क्षेत्रफल– ३,६८०.७२ हेक्टर ।

*(ग) रतुवामाई वृक्षरोपण आयोजना*

शुरु हस्तान्तरण भएको क्षेत्रफल– ६,३७९ हक्टर

हाल हस्तान्तरण भइआएको क्षेत्रफल– २,८५३.७६ हेक्टर

वृक्षरोपण भइसकेको क्षेत्रफल– २,२३८ हेक्टर ।

*(घ) उपसमितिहरू*

मोरङ, नवलपरासी र रौतहटमा स्थानीय वनपैदावार विकास उपसमितिहरूले मिति २०४५।१२।१ को निर्णयबाट बन्द हुनुअघि विभिन्न स्थानमा गरी २२२ हेक्टर क्षेत्रमा वृक्षरोपण गरेको ।

(ङ) रोजिन एण्ड टर्पेन्टाइन लिमिटेडको कारखाना स्थापना गर्न समितिले लगानी गरेको रु. ४,०२,९८,९००।– लाई शेयरमा परिणत गरिएको छ ।

(च) जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा रु. १०,००,०००।– को शेयर लगानी भएको छ ।

(छ) हाल कैलाली जिल्लामा वनपैदावार विकास समितिलाई आफ्नो कार्यक्रम सञ्चालन गर्न ४,२५५.२५ हेक्टर वनक्षेत्र श्री ५ को सरकारबाट प्राप्त भएको हुँदा सो क्षेत्रमा वन व्यवस्थापन कार्यक्रम शुरु भइसकेको छ ।

(ज) टि. सि. एन. लाई उधारोमा हस्तान्तरण गरिएको १७,६९,५९७.९ क्यू. फि. लकडीको नाफाबाहेक शुद्ध लगानी खर्च रु. ९,३४,६४,५१८।३२ असूल हुन थालेको छ । प्रतिमहिना आठ लाखको दरले किस्ताबन्दीमा टि. सि. एन. ले आफ्नो तिरो तिर्दैछ ।

### २. टाँगिया खेती

समितिका परियोजनाहरूमा टाँगिया खेती गर्ने प्रचलन छ । करिब १,६०० किसानपरिवारहरूले झन्डै १,००० हेक्टर वनक्षेत्रमा टाँगिया खेती गरिआएका छन् । वर्षे बालीमा मकै र कोदो तथा हिउँदे बालीमा चना, मुसुरो, तोरी र बदामजस्ता नगदेबाली पर्दछन् । किसानहरूको भनाइअनुसार प्रतिपरिवार वार्षिक रु. २५ हजारदेखि ३० हजारसम्म आम्दानी हुने गरेको छ । यसप्रकार परियोजना क्षेत्रको संरक्षणमा जनसहभागिताका साथै परियोजना क्षेत्रबाट किसानहरूले लाभ पाएको रकम वार्षिक करिब ४ करोड देखिन्छ ।

## दरबन्दी

वनपैदावार विकास समिति केन्द्रीय कार्यालय काठमाडौं र अन्तर्गतका आयोजना-परियोजनाहरूमा हालको दरबन्दी व्यवस्था यसप्रकार छ–

१. वनपैदावार विकास समिति केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं

| | प्राविधिक | प्रशासनिक | जम्मा |
|---|---|---|---|
| राजपत्राङ्कित | ३ | ६ | ९ |
| राजपत्रअनङ्कित | १ | २५ | २६ |
| ड्राइभर | | | २ |
| पियनसरह | | | ९ |
| | | | ४६ |

२. सागरनाथ वनविकास परियोजना, सर्लाही

| | प्राविधिक | प्रशासनिक | जम्मा |
|---|---|---|---|
| राजपत्राङ्कित | ९ | ४ | १३ |
| राजपत्रअनङ्कित | ९९ | २५ | १२४ |
| ड्राइभर | | | २१ |
| पियनसरह | | | ६७ |
| | | | २२५ |

३. नेपालगन्ज वनविकास परियोजना, कौशल्यानगर, बाँके

| | प्राविधिक | प्रशासनिक | जम्मा |
|---|---|---|---|
| राजपत्राङ्कित | ३ | २ | ५ |
| राजपत्रअनङ्कित | ३३ | २२ | ५५ |
| ड्राइभर | | | ६ |
| पियनसरह | | | २२ |
| | | | ८८ |

४. रतुवामाई वृक्षरोपण आयोजना, केरखा, झापा

| | प्राविधिक | प्रशासनिक | जम्मा |
|---|---|---|---|
| राजपत्राङ्कित | १ | x | १ |
| राजपत्रअनङ्कित | ६ | ४ | १० |
| ड्राइभर | | | ३ |
| पियनसरह | | | ११ |
| | | | २५ |

यसबाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीको अवसर सालबसाली कार्यक्रमअनुसार उपलब्ध हुने गरेको छ ।

## सञ्चालक समितिका पदाधिकारीहरू

अध्यक्ष– श्री नारायणराज तिवारी– सचिव, वन तथा भूसंरक्षण मन्त्रालय

सदस्य– श्री इन्द्रसिंह कार्की– महानिर्देशक, ...विभाग

सदस्य– श्री माधवप्रसाद घिमिरे– सहसचिव, अर्थ मन्त्रालय


सदस्य– श्री रोहिणी थपलिया– प्रतिनिधि, नेपाल वन उद्योग सङ्घ

सदस्यसचिव– श्री राधाप्रसाद ओझा– योजनाप्रमुख, वनपैदावार विकास समिति

## समितिका समस्याहरू

आर्थिक समस्या र समाधानको उपाय : राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्षम साधन र स्रोतले सम्पन्न समिति विगतका गलत नीति र निर्णयहरूका कारण आज अपेक्षित प्रगति गर्न नसकिरहेको अवस्थामा समेत कमजोर व्यवस्थापनको शिकार बन्दैछ । समितिको मूलकोषमा रकमको न्यूनता बढ्दै र आय घट्दै गएको एकातिर छँदैछ भने अर्कोतिर उत्पादित वनपैदावार समयमा बिक्रीवितरण हुन नसकेर सड्ने स्थितिमा पुग्दैछ । समुचित र समयानुकूल ढङ्गले स्रोत परिचालन नगर्दा त्यही स्रोत व्यर्थ भई संस्था दरिद्रतातर्फ उन्मुख हुने गर्छ। समितिलाई दरिद्रतातर्फ उन्मुख हुनबाट उद्धार गर्न निम्न कदमहरू तुरुन्तै चालिनुपर्छ–

(क) समितिलाई आफ्ना कार्यक्रमहरू सञ्चालन गर्न प्राय: पूँजीको अभावले सताउने गरेको छ । पूँजीको अभावबाट समितिलाई मुक्त राख्न समितिले विभिन्न निकायबाट लिन बाँकी रकम तुरुन्त र एकमुष्ट उपलब्ध गराइदिने व्यवस्था श्री ५ को सरकारले गर्नुपर्ने ।



*समितिले उत्पादन गरेका वनपैदावारहरू बजारको लागि तयार छ ।*

(ख) सागरनाथ वनविकास परियोजनाले बर्सेनि ४०,००० थान मसलाको पोल उत्पादन गर्छ । निकट भविष्यमै रतुवामाई वृक्षरोपण आयोजना र नेपालगन्ज वनविकास परियोजनाले पनि मसलाको बोट पोल साइजको भइसकेपछि कटान गर्नेछन् । त्यति मात्र नभएर उत्पादनमा झन् वृद्धि हुने कारणमा मसलाको कपिस पनि हो । मसलाको बोट कटान भएपछि त्यसैबाट पलाउने कपिस ७-८ वर्षमै पुन: कटानयोग्य हुन्छ । यदि कटान कार्यक्रम रोक्ने हो भने मसलाको रूख पोलभन्दा ओभर साइजको हुन जान्छ । ओभर साइजको काठ फर्निचरमा मात्र प्रयोग हुन सक्छ । चाहे पोलमा प्रयोग गरे पनि अथवा फर्निचरमा प्रयोग गरे पनि मसलाको काठ केमिकल ट्रिटमेन्ट गरिएको हुनैपर्छ, अन्यथा घामपानीले चाँडै नै यसको स्थिति खराब हुन जान्छ । हाल उत्पादित मसलाका पोलहरू उत्पादनको तुलनामा आधाभन्दा कमै मात्र बिक्री हुन्छ । खरीदकर्ताहरूले समितिको पोल निजी क्षेत्रका ट्रिटमेन्ट प्लान्टमा ट्रिटमेन्ट गराई लैजान्छन् । यस्तोमा समितिको साख अर्काको हातमा निर्भर त छँदैछ त्यसमाथि ट्रिटमेन्ट नभएका काठहरू यसै राख्दा दिनपरदिन स्थिति खराब भई बरबाद हुँदैछ । तसर्थ तुरुन्तै केमिकल ट्रिटमेन्ट प्लाण्ट स्थापना गर्नु अपरिहार्य भएको छ ।

(ग) समितिले हाल वनपैदावारहरू लिलाम प्रक्रियाबाट मात्र बिक्री गर्ने गरेको छ । जसले गर्दा वनपैदावारको कारोबार गर्ने व्यापारीबाहेक अन्य सर्वसाधारणले समितिले तोकेको भाउमा वनपैदावार खरीद गर्न पाउने स्थिति छैन र समितिको सम्पत्ति समयमा बिक्री नहुँदा सडीगली खेर गइरहेको छ । जब कि वनपैदावार विकास समिति गठन (चौथो संशोधन) आदेश, २०५० मा 'वृक्षरोपणको लागि छुट्टयाइएको वन क्षेत्रमा रहेका तथा परियोजनाबाट उत्पादन गरिने वनपैदावार तथा अन्य पैदावारको मूल्य समितिबाट निर्धारण गराई त्यसमध्येको काठदाउराको प्रचलित सरकारी मूल्य (रोयल्टी) वनविभागलाई बुझाई सो काठदाउरा, वनपैदावार र अन्य पैदावारहरू आवश्यकताअनुसार न्यूनतम परिमाणमा सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनतालाई ग्राह्यता दिई बिक्रीवितरण गर्ने । सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनताले लिन नचाहेका काठदाउरा वनपैदावार र अन्य पैदावारहरू लिलाम गरी बिक्रीवितरण गर्ने ।' भनी किटानसाथ उल्लेख हुँदाहुँदै सोझै लिलामबाट मात्र काठदाउरा बिक्रीवितरण गर्नाले सर्वसाधारणको पहुँचबाट समितिको उत्पादन अझै टाढै छ । लिलाम कबुल गर्ने व्यापारीको दयामा समितिको उत्पादन बिक्री हुने हुँदा एकातिर समिति समुचित आमदानीबाट त वञ्चित त छ नै साथै काठदाउराको स्थिति खराब हुने स्थिति छ । उता सर्वसाधारणले सरल प्रक्रियाबाट सुपथ मूल्यमा काठदाउरा नपाउनाले आफ्ना आवश्यकता पूर्ति गर्न स्थानीय जनता बन्चरो बोकेर जङ्गल पस्ने नै भए । तसर्थ गठन-आदेशमा उल्लेख भएअनुसार सरकारी निकाय र निजी क्षेत्रका उद्योगहरूलाई परिमाण हेरी वनपैदावार उपलब्ध गराउन सकिन्छ नै तर स्थानीय जनताको हकमा भने ठाउँठाउँमा बिक्री डिपो खोलेर त्यसैमार्फत काठदाउराहरू बेच्ने प्रक्रिया शुरु गर्नु नितान्त जरुरी भएको छ । निम्न परियोजनाहरूको निम्न स्थानमा डिपो खोली उत्पादन बिक्री गर्नु उपयुक्त देखिन्छ–

१. रतुवामाई वृक्षरोपण आयोजना (केरखा), झापाको उत्पादन बिक्री गर्न बिर्तामोड र दमकमा गरी कम्तीमा दुई वटा बिक्री डिपो खोलिनुपर्छ ।
२. सागरनाथ वनविकास परियोजना, सर्लाहीको उत्पादनको लागि जनकपुर, लालबन्दी, मलङ्वा र वीरगन्जमा गरी कम्तीमा पनि ४ वटा बिक्री डिपो खोलिनुपर्छ ।
३. नेपालगन्ज वनविकास परियोजनाको उत्पादन बिक्री गर्न कोहलपुर, नेपालगन्ज र गुलेरिया (बर्दिया) मा गरी कम्तीमा तीन वटा डिपो खोलिनुपर्छ ।
४. कैलालीमा कार्यक्रम शुरु भई उत्पादन हुन थालेपछि कैलालीको उत्पादन बिक्री गर्न अत्तरिया, धनगढी र महेन्द्रनगरमा गरी कम्तीमा ३ वटा डिपोहरू खोल्नुपर्ने देखिन्छ ।
५. सबै परियोजनाका सबै किसिमका उत्पादन विशेष गरी फर्निचर लायक काठहरू काठमाडौं उपत्यकामा बिक्री गर्न काठमाडौं र ललितपुरमा गरी कम्तीमा दुई वटा बिक्री डिपो खोल्नुपर्ने देखिन्छ ।
६. वनविज्ञानसम्बन्धी ज्ञान, सीप र प्रविधिविकास तथा बजारसमेतको अध्ययन गर्ने एक अनुसन्धान निकाय खोल्नुपर्ने ।

**समितिको मुख्य कार्य**

१. वृक्षरोपणको लागि छुट्टयाइएको वनक्षेत्रमा वृक्षरोपण गर्ने ।
२. वृक्षरोपणको लागि छुट्टयाइएको वनक्षेत्रमा रहेका तथा सो क्षेत्रमा परियोजनाहरूबाट उत्पादन गरिने वनपैदावार र अन्य पैदावारको मूल्य सञ्चालक समितिबाट निर्धारण गराई श्री ५ को सरकारलाई राजस्व बुझाई आवश्यकताअनुसार न्यूनतम

परिमाणमा सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनतालाई ग्राह्यता दिई बिक्रीवितरण गर्ने । सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरू तथा स्थानीय जनताले लिन नचाहेको काठदाउरा, वनपैदावार र अन्य पैदावारहरू लिलामबिक्री गर्ने ।

३. वृक्षरोपण क्षेत्रमा परियोजनाहरूले उत्पादन गरेको मसलाको तेल र टाँगिया खेती कार्यक्रमअन्तर्गत उत्पादन भएका अन्य पैदावारहरू बिक्रीवितरण गर्ने ।

४. वृक्षरोपण क्षेत्रका झारपात, रूखका हाँगाबिंगा र जरा ठुटाहरूबाट गोल तथा ब्रिकेट उत्पादन गरी बिक्रीवितरण गर्ने ।

## उपसंहार

राष्ट्रिय आवश्यकताहरू हरेक निकायमा प्रतिबिम्बित हुनु स्वाभाविकै हो । जस्तो कि दक्ष जनशक्ति, कुशल प्रशासन र व्यावहारिक नीति-निर्माण आजको राष्ट्रिय आवश्यकताहरू हुन् । यही नै समितिको उत्थानको लागि अपरिहार्य भएको छ । उपलब्ध साधन, स्रोत र जनशक्तिको माध्यमबाटै समितिको विकास र राष्ट्रिय आर्थिक विकासमा टेवा पुग्न सक्छ किनकि कार्यरत कर्मचारीहरूको उच्च मनोबल र कुशल सञ्चालकहरूको प्रयास समितिलाई प्राप्त भइरहेकै छ । यदि समितिको स्वायत्ततामा अनावश्यक हस्तक्षेप नहुने हो र नीतिनिर्माताहरूको दृष्टिकोण व्यावहारिक हुँदै जाने हो भने समिति राष्ट्रकै गौरवशाली संस्थामा गनिनेछ ।

# यो बनमारा

दार्जीलिङ निवासी शिक्षाविद्, वातावरणविद् तथा उमेश द्विवेदीले जङ्गल, बारी, चउर जतासुकै छ्याप्छ्याप्ती पाइने बनमारा झारको व्यावहारिक उपयोगिता पत्ता लगाएका छन् । विदेशबाट आएको यो आक्रमणकारी शत्रुलाई नेपाल तथा भारतका विभिन्न संस्थाले नियन्त्रित गर्ने अनेक प्रयास गर्दै आएका छन् । तर हालसम्म यसको पातलाई कम्पोष्ट मल बनाउनुबाहेक अरू केही उपाय पत्ता लागेको थिएन । बनमारालाई न त इन्धनको रूपमा नै प्रयोग गर्न सकिन्छ न गाईबस्तुलाई ख्वाउने घाँसका रूपमा । यसै छाडिदिंदा यसले पूरै जङ्गललाई नै नष्ट पारिदिन्छ ।

द्विवेदी तथा उनका सहकर्मीहरूले अब बनमाराको डाँठ र पातबाट नेपाली कागजको उत्पादन गर्न सकिने कुरा अघि सारेका छन् । व्यापारिक दृष्टिकोणले लाभपूर्ण हुने गरी यसबाट हरियो रङ्ग पनि बनाउन सकिनेछ भन्ने उनीहरूको दाबी छ ।

बनमाराको उद्‌गमस्थल मेक्सिकोलाई मानिन्छ । सन् १९५० को दशकमा संयुक्तराज्य अमेरिकाको खाद्य सहयोग पी. एल. ४८० अन्तर्गत बनमाराको बीउ दक्षिण एसिया आइपुगेको विश्वास गरिन्छ । यहाँ आइपुगेको केही वर्षभित्रै यो झार पूर्वी नेपाल, दार्जीलिङ र सिक्किमतिर बनपाखा, चियाबगान जताततै पुगेर आफ्नो विनाशलीला देखाउन थाल्यो । यो झार भएका ठाउँमा कुनै बोटबिरुवा नहुने र भएका पनि हुर्कन नसक्ने हुनाले यसले 'बनमारा' को सङ्ज्ञा पाएको हो ।

द्विवेदीले बनमाराको बोट र पातबाट तयार पारिएको कागज तथा बनमाराबाटै निकालिएको हरियो रङ्गद्वारा जुट रङ्गाइएको कपडाको नमूना तयार गरेका छन् । उनी भन्छन्– "बनमाराको यस नवीन उपयोगबाट यो वातावरणीय दुष्टलाई पूर्वी हिमालयका जनताको आर्थिक समुन्नति र रोजगार बढाउने तथा वातावरण नबिगार्ने उद्योगलाई टेवा दिने काममा लगाउन सकिनेछ ।"

यसो भएका खण्डमा त हामीले मेक्सिकोलाई धन्यवाद नदिई धर पाउनेछैनौं ।

साभार– हिमाल

# वनव्यवस्थापन समस्या र समाधानका उपायहरू



दिव्यदेव भट्ट*

## परिचय

वनपैदावार विकास कार्यक्रमहरू सञ्चालन गराउन श्री ५ को सरकारबाट पारित विकास समिति ऐन, २०१३ अन्तर्गत २०३३ सालमा वनपैदावार विकास समितिको स्थापना भएको हो । वनपैदावार विकास समितिअन्तर्गत नेपालगन्ज वनविकास परियोजना बाँके जिल्लाको कोहलपुर क्षेत्रमा २०४३ सालमा स्थापना भै हालसम्म बाँके र बर्दिया जिल्लाका ३,६८० हेक्टर वनक्षेत्रमा प्राकृतिक वन सुधार एवं वृक्षरोपण कार्यक्रम सञ्चालन भैसकेका छन् । प्राकृतिक वनजङ्गललाई आधुनिक प्रविधि अपनाई उचित व्यवस्थापन सुधारबाट छोटो अवधिमा छिटो बढ्ने र प्रतिफल दिन सक्ने बिरुवा उत्पादन गरी वनपैदावारको मागलाई निश्चित समयभित्र नियमित आपूर्ति गर्न तथा वनसंरक्षण, संवर्धन र वातावरणीय सन्तुलनसमेत कायम राख्ने अभिप्राय लिई नेपालगन्ज वनविकास परियोजनाको स्थापना भएको हो ।

## उद्देश्य

१. हैसियत कम भएको ५,००० हेक्टर वनक्षेत्रमा वृक्षरोपण गर्ने ।
२. ३,००० हेक्टर वनक्षेत्रमा वन व्यवस्थापन गर्ने ।
३. काठ, दाउरा उत्पादन गराउने ।
४. वृक्षरोपण प्रविधिको विकास गराउने ।

माथि उल्लेख गरिएका उद्देश्यहरू कार्यान्वयन गराउन आ. व. २०४३।०४४ देखि बाँके जिल्लाको १९ कि. मि. उत्तरमा पर्ने कोहलपुरदेखि उत्तरपूर्वको २,३०६.२१ हेक्टर वनक्षेत्रमा र बर्दिया जिल्लाको १,३७४.५१ हेक्टर गरी जम्मा ३,६८०.७२ हेक्टर वन क्षेत्रमा विभिन्न जातका छिटो हुर्किने बिरुवाहरू रोपी वृक्षरोपण गरी संरक्षण गरिदैछ ।

वृक्षरोपण एवं वन व्यवस्थापन कार्यक्रमलाई सुचारुरूपले सञ्चालन गराउन निम्नानुसार विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेका छन् ।

१. नर्सरीमा बिरुवा उत्पादन गरी वृक्षरोपण एवं बिरुवा वितरण गराउन ।
२. वृक्षरोपण एवं प्राकृतिक वन सुधार कार्यक्रम सञ्चालन गराउने ।
३. अग्निनियन्त्रण तथा वृक्षरोपण सुधार कार्यक्रम सञ्चालन गराउने ।
४. भौतिक पूर्वाधारहरूको व्यवस्था गराउने ।
५. कृषि वनबाली प्रणालीको व्यवस्था गराउने ।
६. वन तथा वृक्षरोपण संरक्षण संवर्धन गराउने ।
७. प्रचारप्रसार एवं अनुसन्धान गराउने ।

### १. नर्सरीमा बिरुवा उत्पादन गरी वृक्षरोपण एवं बिरुवा वितरण गराउने

बिरुवा उत्पादन गरी वृक्षरोपण एवं वितरण गर्ने परियोजना क्षेत्रभित्र एउटा सेन्ट्रल नर्सरीको व्यवस्था गरिएको छ। वृक्षरोपण गर्न आवश्यक अस्थायी नर्सरीहरू पनि सञ्चालन गरिएको छ । २०४३।०४४ सालदेखि हालसम्म चाँडै बढ्ने विभिन्न जातका ७१७.६६ हजार पोलीब्याग तथा २२४.४० हजार स्टम्प कटिङ बिरुवा उत्पादन गरिएका छन् ।

### २. वृक्षरोपण एवं प्राकृतिक वनसुधार कार्यक्रम सञ्चालन गराउने

विभिन्न जातका चाँडै हुर्किने (फास्टग्रोइङ) बिरुवाहरू वृक्षरोपण गर्न २५-२५ हेक्टरको प्लटहरू बनाई बाँके जिल्लामा २,३०६.२१ हेक्टर वनक्षेत्रमा र बर्दिया जिल्लाको १,३७४.५१ हेक्टर वन क्षेत्रमा वृक्षरोपण भइसकेको छ। यी दुवै जिल्लाको कुल ३,६८०.७२ हेक्टर वन क्षेत्रमा वृक्षरोपण गरिएको छ । बाँके जिल्लाको ३०२ हेक्टर वनक्षेत्रमा प्राकृतिक वनसुधार कार्यक्रमअन्तर्गत साल तथा असना जातका बिरुवाहरूको पुनरुत्थान कार्यक्रमहरू सञ्चालन भैरहेका छन् ।

### ३. अग्निनियन्त्रण तथा वृक्षरोपण सुधार कार्यक्रम सञ्चालन गराउने

आगलागीबाट वन तथा वृक्षरोपण बचाउन अग्नि संरक्षणरेखा एवं वनपथहरूका दायाँबायाँ २५-२५ मिटर क्षेत्रभित्रको घाँस

कटाउने, झाडी सफा गराउने कार्यक्रमहरू आगलागी हुने सिजनभन्दा अगाडि नै सम्पन्न गरिन्छ। अग्निनियन्त्रणको लागि माघ महिनादेखि आगलागी हुन सक्ने सम्भाव्य समयसम्मको लागि अग्निनियन्त्रकहरू पनि राख्ने व्यवस्था गरिन्छ । वृक्षरोपण सुधार कार्यक्रमअन्तर्गत वृक्षरोपण गरिएका बिरुवाहरू दुई वर्षसम्म गोडमेल गरिन्छन् । आ. व. २०५०।०५१ देखि प्रुनिङ कार्यक्रमहरू सञ्चालन भैरहेका छन् । उक्त अवधिदेखि हालसम्म ३८० हेक्टर वृक्षरोपण क्षेत्रमा प्रुनिङ कार्यक्रम सञ्चालन गरिएका छन् ।

**४. भौतिक पूर्वाधारहरूको व्यवस्था गराउने**

वृक्षरोपण एवं वनविकाससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गराउन नेपालगन्जदेखि १९ कि. मि. र कोहलपुर नगरविकासदेखि ३ कि. मि. उत्तर सुर्खेत रोडको दायाँतर्फ यस परियोजनाको कार्यालय भवन, विभिन्न आवास एवं अतिथिभवन, ग्यारेज, पानीसप्लाई, विद्युत् सप्लाई आदिको व्यवस्था कार्यालय हाताभित्र नै गरिएको छ । कोहलपुर नगरविकासको उत्तरतिर कोहलपुर चौराहासँगैको सुर्खेत राजमार्गछेउमा अधिकृत निवास र फिल्डमा ७ वटा गार्ड-क्वाटरको व्यवस्था छ । निरीक्षण, संरक्षण एवं वनव्यवस्थापनको लागि ६९.८ कि. मि. अग्निनियन्त्रणरेखा, ५४.२ कि. मि. अग्निनियन्त्रण र निरीक्षणमार्ग, ५१.५ कि. मि. वनपथमध्ये १६.५ कि. मि. ग्राभल सडक, ९ वटा कल्भर्ट, ५ वटा कजवे, ८६ वटा ह्यूमपाइप र ४ वटा काठेपुलको व्यवस्था गरिएको छ ।

**५. कृषि वनबाली प्रणालीको व्यवस्था गराउने**

कृषि वनबाली लगाई जनताहरूको आयस्रोत बढाउन यस परियोजनाको बर्दिया जिल्लाका वृक्षरोपण क्षेत्रको २२ हेक्टर वृक्षरोपणसँगै सो क्षेत्रमा ६५ जना किसानहरूले जडीबुटी खेती गर्दै आइरहेका छन् । २३ हेक्टर वृक्षरोपण क्षेत्रमा २५ जना किसानहरूले कपास खेती गरेकोमा वृक्षरोपण क्षेत्रमा जोत्ने काम गर्न कठिन हुँदा कपासबाट बढी आम्दानी हुने भएर पनि सञ्चालन हुन सकेन । गत आ. व. ०५१।०५२ का केही वृक्षरोपण क्षेत्रहरूकै ४५ हेक्टरमा कृषि वनबाली कार्यक्रम सञ्चालन गराउन ६ मिटरमा ४ वटा बिरुवा रोपिएका र ६ मिटरको Strip मा कृषिबाली लगाउने व्यवस्था परीक्षणको रूपमा गरिएको छ । ६ मिटर Strip क्षेत्रमा लगाइएका



*नेपालगन्ज वनविकास परियोजना*

बिरुवाहरूलाई ४ वर्षदेखि ६ वर्षको कपिस रोटेसन प्रविधिद्वारा व्यवस्थापन गरी १६ वर्षको अवधिमा रूख लगाएको ठाउँमा खेती गर्ने र खेती गरिएको ठाउँमा रूख लगाउने व्यवस्था गरिनेछ। खेती गर्ने किसानहरूलाई बढी आम्दानी हुने बाली र प्रविधिबारे जानकारी गराउने एवं किसानहरूलाई बढी आम्दानी दिलाउन सकेमा खेती गरेबापत भाडा लिने व्यवस्था गर्न उपयुक्त हुने हुँदा उपरोक्त व्यवस्था मिलाइएको छ ।

## ६. वन तथा वृक्षरोपण संरक्षण गराउने

वन तथा वृक्षरोपण क्षेत्रको संरक्षण संवर्धन गर्न सम्बन्धित गाउँहरूको सहभागितामा वनसंरक्षण समितिहरू गठन गरिएका छन्। संरक्षण समितिअन्तर्गतका वृक्षरोपण क्षेत्रभित्रको घाँसपातहरू गएमा त्यसबाट जनस्तरले भोग्नुपर्ने कष्टकर प्रभावबारे परियोजनाका कर्मचारीहरूबाट जानकारी दिलाउने व्यवस्था गरिएको छ। वार्षिक रूपमा वनविज्ञान अध्ययन संस्थानको १२ वटा ग्रुप एवं स्वदेशी तथा विदेशी व्यक्ति, सङ्घ-संस्थाबाट अध्ययनभ्रमण गर्ने गरिएको छ । विभिन्न जातिका बिरुवाहरूको वृद्धि, स्थलगत रूपमा सुहाउँदो खालका छिट्टै हुर्किने जातको परीक्षण, रूखका विभिन्न जातिको स्विटेबिलिटी अध्ययन आदिको लागि २ वटा ट्रायलप्लटको व्यवस्था गरिएको छ ।

## ८. समस्या एवं समाधानका उपायहरू

वनविकास परियोजना सञ्चालन गराउन निम्नानुसारका समस्याहरू देखापर्ने गरेका छन्–




बिक्रीवितरण गर्ने, ज्यालादारीमा तारपाले नियुक्ति, खारेज गर्ने अधिकार संरक्षण समितिलाई दिइएको छ । परियोजनाका सम्पूर्ण वृक्षरोपण क्षेत्रहरूमा तारबार लगाइएको छ । हालसम्म सम्पूर्ण वृक्षरोपण क्षेत्रमा १७४ कि. मि. तारबार गरिएको छ ।

## ७. प्रचारप्रसार एवं अनुसन्धान गराउने

वन तथा वृक्षरोपणबारे जनतालाई बढीभन्दा बढी जानकारी दिलाउने उद्देश्यले गत वर्ष २०५१ मा वनसंरक्षण समितिका पदाधिकारीहरूलाई तराई र भित्रीमधेसका ६ वटा जिल्लाका वनविकासका कार्यक्रमहरू अवलोकन गराइएको थियो । बिरुवा वितरण गर्दा र परियोजना क्षेत्रमा भ्रमण गर्न आउने व्यक्ति, सङ्घ-संस्था आदिलाई वन र वातावरणको सम्बन्ध एवं वन मासिन

१. वनपैदावार विकास समितिलाई के-कसरी सञ्चालन गराउँदा निरन्तर रूपमा बढीभन्दा बढी वनपैदावार उत्पादन गराउन सकिन्छ भन्नेबारे कुनै ठोस नीति नहुनु ।
२. बाह्य एवं आन्तरिक स्रोतबारे कुनै ठोस नीति नहुँदा समिति कसरी सञ्चालन हुने भन्नेबारे प्रत्येक वर्ष नै अन्यौलको स्थिति रहिरहनु ।
३. वनपैदावार विकास समितिसँग आफ्नै पर्याप्त स्रोत हुँदाहुँदै पनि व्यवस्थापनकै कमजोरीले गर्दा १८-१९ वर्ष भैसकेको समिति दिशाविहीन देखिनु ।

उपरोक्त समस्याहरू समाधान गर्न निम्नानुसार व्यवस्था हुनु आवश्यक देखिन्छ–

१. जनताहरूलाई सरल रूपमा वनपैदावार आपूर्ति गर्न वन व्यवस्थापन पक्षलाई टेक्निकल तथा व्यावहारिक बनाउने उद्देश्यबाट स्थापना भएको वनपैदावार समितिलाई निरन्तरता दिन छोटो, मध्यम तथा लामो अवधिका लागि अविलम्ब आवश्यक नीतिको तर्जुमा र कार्यान्वयन हुनु आवश्यक छ ।

२. वनपैदावार विकास समितिलाई आर्थिक रूपमा दिगो बनाउन नसकेमा प्रक्षेपित नीति कार्यान्वयन गराउन नसकिने हुँदा सतत रूपमा अधिकभन्दा अधिक वनपैदावार उत्पादन गर्नु, कृषिवन प्रविधिको विकास गर्नु, मनोरञ्जनस्थलहरूको विकास गर्नु, सस्टेनेबल रूपमा वनपैदावार उत्पादन गराउनु, वनपैदावारमा आधारित उद्योग सञ्चालन गराउन र जनहितको लागि नगदेबाली, रोजगारी एवं आयमूलक रूपले सहयोग गर्ने खालका कार्यक्रमहरू तयार पार्न र कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय सहयोग उपलब्ध हुन सक्ने हुँदा सोको व्यवस्था हुनु आवश्यक छ ।

३. वनपैदावार विकास समिति र परियोजनालाई दिगो रूपमा सञ्चालन गराउन कर्मचारीहरूको ठूलो भूमिका हुने हुँदा कर्मचारीहरूको मनोबल बढाउन आवश्यक भएकोले कर्मचारीहरूको वृत्तिविकास एवं आर्थिक रूपबाट समेत कर्मचारीहरूलाई सक्षम बनाउन नितान्त आवश्यक देखिएकोले वृत्तिविकासतर्फ अन्तर्राष्ट्रिय सहयोग र आर्थिक रूपमा सक्षम बनाउनको लागि समितिले आर्जन गरेको नाफाको घटीमा १२ देखि १५ प्रतिशत समिति तथा परियोजनाका सम्पूर्ण कर्मचारीहरूले पाउनुपर्ने आवश्यक छ । कर्मचारीहरूबाट बढीभन्दा बढी प्रतिफल लिन निजहरूलाई हालको बजार वृद्धिदरलाई समेत अध्ययन गर्दा निजहरूको तलब र अन्य सुविधासमेत जोडी न्यूनतम मासिक रु. ५,०००।– मा नघट्ने गरी व्यवस्था हुनुसमेत आजको आवश्यकता देखिन्छ ।

## उपसंहार

वनविकास समिति २०३३ सालमा स्थापना भए तापनि ठोस नीतिको अभावमा हालसम्म वार्षिक हचुवाको भरमा कार्यक्रमहरू सञ्चालन हुँदै आएकोमा श्री ५ को सरकारले वनपैदावारको आपूर्ति तथा स्थानीय जनतामा रोजगार सृजना गर्न राखेको लक्ष्य पूरा भएको छैन । वर्तमान बदलिंदो परिस्थितिमा जनताको विकासप्रतिको आकाङ्क्षा आकाशिएको साथसाथै वातावरणीय समस्या पनि जटिल हुँदै गएकोमा वनविकाससम्बन्धी गम्भीर चिन्तन गरी स्थानीय जनताको विकाससम्बन्धी आकाङ्क्षाको साथसाथै रोजगारी र आर्थिक विकासका पूर्वाधार खडा गर्ने गरी वनपैदावार आपूर्तिसम्बन्धी ठोस नीति तर्जुमाको साथसाथै एकीकृत वनविकासका योजनाहरू लागू गर्न अत्यन्त जरुरी देख्दछु ।

* श्री दिव्यदेव भट्टज्यू नेपालगन्ज वनविकास परियोजनाका का. मु. परियोजना प्रमुख (रा. प. प्र. प्रा) हुनुहुन्छ ।

# बाँदरको हडताल

मान्छे त हडताल गर्छ नै तर बाँदरले पनि हडताल गरेको खबर हामीसँग छ । बीस वर्षभन्दा अधिको कुरा हो, मलेशियाको कुआनताननजिकै एउटा नरिवल-बगानका श्रमिक बाँदरहरूले हडताल गरे ।

सानैदेखि यी बाँदरहरूलाई रूखमा चढेर नरिवल टिप्ने प्रशिक्षण दिइन्छ र श्रमिकको रूपमा काममा लगाइन्छ । यिनै श्रमिकहरूले हडताल गरे किनकि नरिवल-बगानको व्यवस्थापनले खर्चमा कमी ल्याउन तिनको रासन कटौती गर्ने नीति लिए । राशनमा बाँदरको प्रियभोजन केरा दिइन्थ्यो । व्यवस्थापनको यो निर्णय बाँदरहरूलाई मन परेन, विरोधमा हडताल भयो । केही हडतालीहरूले बगान कार्यालयअगाडि चिच्च्याएर प्रर्दशन गरे । जब कि अरू हडताली बाँदरहरूले काम छोडेर चूपचाप बसे । कुनै-कुनै बाँदरले रूखमा चढेर आफ्नो काम गर्न मात्र के लागेका थिए तिनका विद्रोही साथीहरूले तिनलाई ओह्रालिछाडे । हडताल पूरै ३६ घण्टा चलेर तब मात्र समाप्त भयो जब अधिकारीहरूले आफ्नो गल्ती महसूस गर्दै केरा-राशन कटौती रद्द गरे ।

**'एसिया-एफ' बाट**

# सागरनाथ वनविकास परियोजना
# एक सिंहावलोकन



रामप्रसाद पौडेल*

## पृष्ठभूमि

सागरनाथ वनविकास परियोजना नेपालको मध्य तराई मुख्यत: सर्लाही तथा महोत्तरी जिल्लामा चुरेपहाड । दक्षिणी काखमा महेन्द्र राजमार्गलाई उत्तरी सिमाना बनाई, भब्सीखोलामा सिरान राखी बागमतीसम्म लम्पसारिएको छ । कम हैसियतका वनलाई बढी उत्पादन दिन सक्ने वृक्षरोपणमा परिणत गर्ने क्रममा स्थानीय जनतालाई वनविकासको कार्यक्रमबाट रोजगारी उपलब्ध हुने तथा वनक्षेत्रमा कृषिबाली लगाउन दिएर किसानलाई आर्थिक स्थितिमा टेवा पुऱ्याउने तथा बिरुवाको उत्पादकत्वमा समेत वृद्धि गर्न सक्षम भएको यो अधिराज्यको एक मात्र सेमिमेकानाइज्ड व्यावसायिक वृक्षरोपण हो । सन् १९८० को दशकमा इनर्जी क्राईसिसको बेला इन्धन आपूर्तिसम्बन्धी समस्याको छिटोछरितो समाधान गर्न छिटो बढ्ने तथा प्रतिइकाइ बढी उत्पादन दिने बिरुवालाई प्राथमिकता दिई १२ वर्षे वृक्षरोपण कार्यक्रम यस परियोजनाअन्तर्गत सञ्चालित गरियो ।

सर्लाही जिल्लाको भक्तिपुर गा. वि. स. मा स्थित सागरनाथको मन्दिरनजिकै तत्कालीन वनसर्भेक्षण तथा अनुसन्धान कार्यालयले सिसौ तथा टिकको परीक्षण-वृक्षरोपण गरेको थियो । सो मन्दिरमा रहेका स्थितप्रज्ञ भगवान् शिवको नाउँमा रहेको यस परियोजनाले पनि यस मन्दिरको वरिपरि सफल भएको टिक, सिसौ बढी मात्रामा यस परियोजनाअन्तर्गत लगाउने लक्ष्य राखे पनि परियोजना क्षेत्रमा अन्य करिब २० प्रजाति बिरुवाहरूको परीक्षण-वृक्षरोपणको प्रगतिको आधारमा तथा १९८२ को ए. डि. बि. समीक्षा टोलीको सिफारिसको आधारमा मसला (Eucalyptus Camanduiensis, Prov. Petford) जातको बिरुवा नै यस परियोजनाको निमित्त उपयुक्त हुने ठहऱ्यायो । ए. डि. बि., ओपेकलगायतका विभिन्न राष्ट्र तथा अन्तर्राष्ट्रिय सङ्गठनको सहयोगमा सञ्चालित यस परियोजनामा हाल करिब ५५-६०%





*सागरनाथ मन्दिर*

भागमा मसलाजातका बिरुवा तथा ४०% भागमा सिसौ, टिकलगायत थोरै मात्रामा अन्य जातका बिरुवाहरूको वृक्षरोपण गरिएको छ। यसरी हालसम्म यस परियोजनाअन्तर्गत करिब ११,००० हेक्टर वनक्षेत्रमा वृक्षरोपण कार्य सम्पन्न भैसकेको छ।

## भौतिक स्थिति

यस परियोजनाको अधिकांश भूभाग (करिब ९०%) भावर तराई क्षेत्रमा पर्दछ। यो भेगमा माटोको परत पातलो छ तथा माटोमुनि बालुवा, गेग्रान र ढुङ्गाले भरिएको छ। रूखबिरुवाको वृद्धिमा प्रभाव पर्ने खास अप्ठ्यारो यस भूभागमा ग्राउण्ड वाटरको उपलब्धता नै हो। यस परियोजनाको अधिकांश क्षेत्रमा पानी जमिनको सतहभन्दा २० देखि ९० मिटर तल पाइन्छ, जसले गर्दा वर्षाको पानीमा मात्र भर पर्नुपर्ने हुँदा चाँडो हुर्कने र छोटो अवधिमा उत्पादन लिन सकिने बिरुवाहरू लगाई बढी फाइदा लिनुपर्ने बाध्यता छ। वर्षायाममा करिब १,५०० मि. मि. पानी पर्दछ भने गर्मीयाममा ४०° से. सम्म तापक्रम बढी सुक्खा मौसममा आगलागीको सधैं डर हुन्छ।

यस परियोजनाअन्तर्गत शुरुका वर्षहरूमा भब्सीखोला (महोत्तरी) देखि फूलजोरखोला (सर्लाही) सम्म करिब २० कि. मि. लम्बाइ तथा ४-६ कि. मि. चौडाइ क्षेत्रमा वृक्षरोपण कार्य सम्पन्न भयो। वृक्षरोपण गर्दा १०० हेक्टरको ब्लक बनाई त्यसलाई २५ हेक्टरको स्क्वायर सबब्लकमा फायरलाइनहरूद्वारा विभाजित गरी अधिकांश ब्लकहरूमा एकै जातका बिरुवा लगाइएको छ। वृक्षरोपण क्षेत्रमा बाटोघाटो, अग्निसंरक्षण रेखा, वाच टावर, संरक्षण, अफिस, पानीटचाङ्की आदि बनाई व्यवस्थित रूपमा वृक्षरोपणको कार्य सम्पन्न गरिएको छ।

त्यसपछि मुर्तिया क्षेत्रमा बागमती किनारसम्म करिब ५,००० हेक्टर फैलिएको क्षेत्रमा वृक्षरोपणको कार्य सञ्चालन गरियो। त्यसै गरी गतवर्ष रौतहट जिल्लाअन्तर्गत वृक्षरोपण गर्न भनी करिब २५० हेक्टर वनक्षेत्र उपलब्ध भएको छ।

यस परियोजनाको अर्को महत्त्वपूण प्रावाध तथा सबल पक्ष, वृक्षरोपण क्षेत्रमा किसानहरूलाई कृषिबाली लगाउन दिनु हो। यस प्रक्रियाले बिरुवाहरूको गोडमेल, आयतन वृद्धि तथा अग्निसंरक्षणको कार्यमा सहायता पुग्नुको साथसाथै ग्रामीण किसानहरूलाई कृषि उत्पादनबाट जीविका सञ्चालनमा ठूलो सहयोग पुगेको छ। यस परियोजनामा हाल करिब १,५०० किसानपरिवारहरू यस कार्यमा संलग्न छन् तथा वर्तमान मूल्यको आधारमा कम्तीमा पनि वार्षिक करिब ३-५ करोड रुपियाँ मूल्यको कृषिबाली प्रतिवर्ष उत्पादन गरी प्रयोग गर्न पाइराखेका छन्।

सागरनाथ वनविकास परियोजना नेपालको एउटा सानो (०.१८%) वनक्षेत्रमा सञ्चालित भए पनि राष्ट्रलाई विद्युत् प्रसारण तथा दूरसञ्चार प्रसारणको निमित्त आवश्यक सम्पूर्ण काठेपोलको आपूर्ति गर्न सक्ने अवस्थामा छ। साथै यस परियोजनाअन्तर्गत गरिएका वन व्यवस्थापनका कार्यहरूको माध्यमबाट रोजगारी तथा आर्थिक उन्नतिको अवसर हजारौं सीमान्त ग्रामीण किसानको घरदैलोमा पुऱ्याउन सफल भएको छ। वन व्यवस्थापन गरिंदा काटछाँट, टुप्पाटुप्पी तथा वृक्षरोपण क्षेत्रमा प्राप्त हुने अन्य

लघु वनपैदावारबाट आसपासका लाखौं कृषकपरिवारले आफ्ना आधारभूत आवश्यकताको परिपूर्तिमा यस परियोजनाबाट मद्दत पाइरहेका छन् ।

यस परियोजनाअन्तर्गत रोपिएका सिसौका रूखहरू २५ वर्षमा, टिकका रूखहरू ४० वर्षमा तथा मसलाको रूखहरू ९-१० वर्षको अवधिमा उत्पादन लिन सक्ने तथा मसलाको कपिस (काटेको ठुटा) बाट हुर्केका बिरुवाहरू ६-७ वर्षमा नै काट्ने व्यवस्था मिलाइएको छ। प्राविधिक रूपमा भन्दा सो परियोजना सन् १९९१ मा नै सम्पन्न भए पनि वन व्यवस्थापन तथा वृक्षरोपणका कार्यहरू निरन्तर गरिरहनुपर्ने प्रक्रिया भएकोले श्री ५ को सरकारको सहयोगमा वार्षिक कार्यक्रम बनाई यो परियोजना वनपैदावार विकास समितिमार्फत हालसम्म सञ्चालित भइरहेको छ ।

## वातावरणीय प्रभाव

यस परियोजनाबारे गहिरिएर अध्ययनै नगरी भ्रामक धारणा राख्ने व्यक्तिहरूले मसला रोपेको हुनाले सागरनाथ क्षेत्रमा वातावरण प्रभावित भएको बारे जेजस्तो भ्रामक हल्ला गरे पनि वस्तुपरक तथा वस्तुनिष्ठ भै हेर्दा यस क्षेत्रमा यस परियोजनाको अनुभवमा वातावरणमा खासै ऋणात्मक प्रभाव मसलाको वृक्षरोपणबाट भएको देखिएको छैन । उदाहरणको निम्ति– मसला रोपेको क्षेत्रमा किसानहरूले कृषिबाली राम्ररी नै वर्षौसम्म उत्पादन गरिरहेका छन् तथा अन्य बिरुवा रोपेको ठाउँभन्दा बालीनाली पनि कमी नभएबाट मसला जातको बिरुवाले माटोमा विषालु रासायनिक तत्त्व बढाउँछ भन्ने कुरा पुष्टि हुँदैन । कृषिबाली नलगाएका सागरनाथका उत्तरी क्षेत्रको मसला रोपेका वृक्षरोपण क्षेत्रभरि नै साल तथा अन्य प्राकृतिक बोटबिरुवाहरूसमेत मसलाका रूखमुनि हुर्किरहेका हुनाले मसलाको बोटमुनि केही हुन सक्तैन भन्ने कुराको पुष्टि गर्न सक्तैन ।

जहाँसम्म मसलाले पानी सुकाउँछ भन्ने कुरा छ यस वृक्षरोपण क्षेत्रको ९९% भूभागमा ग्राउण्ड वाटर धेरै गहिराइमा पाइने जसको कुनै जातको बिरुवाले प्रयोग गर्न पाउन सक्ने अवस्था छैन । यस्तो अवस्थामा वर्षाको पानी यदि मसला जातको बिरुवाले अधिकतम सदुपयोग गर्न सक्छ भने यो स्वागतयोग्य कुरा नै हो किनभने वर्षाको अधिकतम जलको सदुपयोग गर्न नसकी बाढी-पैह्रोको प्रकोप बढ्ने समस्याले हामी ग्रस्त छौं ।

बृहत् वृक्षरोपण क्षेत्रमा एकै जातको बिरुवा रोप्नाले त्यसबाट अवश्य केही वातावरणीय असर पर्छ । तर यसको प्रभावसमेत सीमित गर्न यस परियोजनाद्वारा राजमार्गको छेउछाउमा तथा खोलानालाको छेउछाउमा ग्रिनबेल्ट प्राकृतिक जङ्गल राखिएको तथा हाल यस परियोजनाको उत्तरी क्षेत्रको करिब १,००० हेक्टर क्षेत्रमा सालका प्राकृतिक जङ्गलको पुनरुत्पादनलाई परियोजनाले संरक्षणव्यवस्थापन गरेबाट पनि वातावरणीय सन्तुलनमा मद्दत पुगेको छ ।

## व्यवस्थापन तथा अन्य विवरण

नेपालमा ब्लक प्रणालीबाट वन व्यवस्थापन गर्ने तरिका यस परियोजनाले प्रस्तुत गरेको छ । यस परियोजनालाई म्यानेजमेन्ट युनिटको रूपमा निम्नानुसार टुक्र्याइएको छ । छोटकरीमा यस परियोजनाको विवरण यसप्रकार छ–

यो परियोजनाको मुख्य क्षेत्र पूर्वमा भब्सीखोला (महोत्तरी), पश्चिममा फूलजोरखोला (सर्लाही) सम्म करिब २१ कि. मि. लम्बाइ र उत्तरमा महेन्द्र राजमार्गदेखि दक्षिणमा आवादी क्षेत्रसम्म सरदर ६ कि. मि. चौडाइमा फैलिएको छ। यो परियोजनाको मुख्य कार्यालय महेन्द्र राजमार्गको फूलजोरदेखि दक्षिण ४ कि. मि. भित्र अवस्थित छ । यस परियोजनाको अर्को क्षेत्र मुर्तिया मुख्य कार्यालयबाट २४ कि. मि. पश्चिममा करिब ५,००० हेक्टर क्षेत्रमा फैलिएको छ । यसका २ क्षेत्रीय कार्यालय तथा १० वटा युनिटहरूमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| हाथिलेट क्षेत्र | – (क) हाथिलेट युनिट | (महोत्तरी) |
| | (ख) कुश्मारी युनिट | ( " ) |
| सागरनाथ क्षेत्र | – (क) लक्ष्मीनियाँ युनिट | ( " ) |
| | (ख) सागरनाथ युनिट | (सर्लाही) |
| | (ग) भक्तिपुर पश्चिम युनिट | ( " ) |
| भक्तिपुर पूर्वी क्षेत्र | – (क) भक्तिपुर पूर्व युनिट | ( " ) |
| | (ख) फूलजोर क्षेत्र युनिट | ( " ) |
| | (ग) परवानीपुर क्षेत्र युनिट | ( " ) |
| मुर्तिया क्षेत्र | – (क) मुर्तिया युनिट | ( " ) |
| | (ख) बागमती (टेकानि) | ( " ) |
| | (ग) दुधियावा | (रौतहट) |

## उद्देश्य

(क) कम हैसियतको वनलाई उत्पादनशील वनमा परिणत गर्न सर्पट कटान गरी छिटै बढ्ने र बढी उत्पादन दिने जातका बिरुवाहरूको वृक्षरोपण गरी वनपैदावारको आपूर्तिमा सघाउ पुऱ्याउने ।

(ख) रोजगारको अवसर प्रदान गर्ने ।

(ग) वन तथा वृक्षरोपणसम्बन्धी ज्ञान र सीपको विकास गर्ने ।

## अवधि (चरण)

प्रथम चरण – २०३५।०३६ देखि २०४२।०४३ सम्म

दोस्रो चरण – २०४३।०४४ देखि २०४७।०४८ सम्म

तेस्रो चरण – २०४८।०४९ देखि २०५१।०५२ सम्म

खर्च (परियोजना अवधिको)–

आ. व. २०३५।०३६ देखि २०५१।०५२ सम्मको परियोजना कार्यालयबाट भएको कुल खर्च रु. २०,०५,०६,३९३।९५ मात्र।

क्षेत्रफल–

| | |
|---|---|
| ग्रस क्षेत्रफल– | १६,००० हेक्टर |
| नेट वृक्षरोपण क्षेत्रफल– | १०,९११.५० हेक्टर |

वृद्धिदर–

| | | | | |
|---|---|---|---|---|
| मसला– | ६-२० | क्यू. मि. | हेक्टर | वर्ष |
| सिसौ– | ३-१८ | " | " | " |
| टिक तथा अन्य औसतमा– | ८ | " | " | " |

वृक्षरोपण–

आर्थिक वर्ष २०३६।०३७ देखि २०५१।०५२ सम्म १०,९११.५० हेक्टरमा वृक्षरोपण भैसकेको छ।

अन्य व्यवस्थान–

| | |
|---|---|
| थिनिङ प्रुनिङ– | ७६५.८७ हेक्टर |
| कटान (मसला)– | २९५.३७ हेक्टर |

अग्निसंरक्षण–

वृक्षरोपण क्षेत्रमा टाँगिया खेती हुन छाडेपछि बनमारा, सिरु तथा अन्य सुक्खा मौसममा सुक्ने घाँस, चरिचरन, दाउराघाँसको लागि वनभित्र आवतजावत राजमार्गदेखि गाउँसम्म जाने वनपथमा मानिसको आवागमन, चोरीशिकारीले गर्दा वृक्षरोपण क्षे[illegible]गो

नर्सरी

| नाम | क्षेत्रफल हेक्टरमा | बिरुवाको किसिम | उत्पादन क्षमता | ग्रिन हाउस | पानी दिने किसिम |
|---|---|---|---|---|---|
| सागरनाथ | १८ हेक्टर | स्टम्प<br>पोलीव्याग | ४,००,०००<br>१६,००,००० | १ एक | स्प्रिंकल<br>मिस्ट स्प्रे |
| मुर्तिया | ५ हेक्टर | स्टम्प | ४,००,००० | १ एक | झारीबाट |



नाग्ने गर्दछ ।

सुक्खा मौसम शुरु हुनुभन्दा अगावै फायरलाइन तथा फरेस्ट रोड (वनपथको) दुवै छेउमा १० देखि २० मिटर दूरीसम्म घाँस काट्ने कन्ट्रोल वर्निङ्ग गर्ने, फायर वाच टावरमा कर्मचारी तथा अन्य फायर फाइटिङ इक्विपमेण्टसहित क्याम्पिङ गर्न बस्ने तथा नियमित फिल्ड गस्ती गर्ने व्यवस्था मिलाइएको छ ।

यसको अलावा स्थानीय जनतालाई वृक्षरोपणलाई आगोबाट बचाउनुपर्नेबारेमा सचेत गराउन बेलाबेलामा मिटिङ र भेला गराउने गरिएको छ । यसले गर्दा फायर फाइटिङ कार्य धेरै प्रभावकारी भएको महसूस गरिएको छ ।

## उपलब्धि

वृक्षरोपण गरी त्यसको व्यवस्थापनबाट प्राप्त भएका उत्पादन जस्तै– काठ (पोल), दाउरा आदिबाट प्राप्त आम्दानी दिनप्रतिदिन बढिरहेको छ । परियोजना स्थापना भएको कालदेखि हालसम्म विभिन्न क्षेत्रमा टाँगिया खेती गर्ने किसानहरू करिब १,५०० परिवार छन् । हाल किसानहरूले टाँगिया खेती गरेको क्षेत्र करिब १,००० हेक्टर छ ।

विभिन्न क्षेत्रमा सर्भे गर्दा ती किसानहरूले हिउँदेबाली जस्तै– चना, मुसुरो, तोरी तथा वर्षे बालीमा मकै, कोदो आदि गर्ने गरेको देखिन्छ । किसानहरूको भनाइअनुसार दुवै बाली गरी सरदर प्रतिपरिवार वार्षिक रु. २५,०००।– देखि ३०,०००।– सम्म आम्दानी हुन्छ । यसप्रकार वार्षिक रु. चार करोड चानचुन बराबर टाँगिया खेतीबाट विभिन्न क्षेत्रका किसानहरूले आफ्नो आम्दानी गर्दछन् ।

## डिष्टिलेशन प्लान्ट

वन अनुसन्धान परियोजनाबाट स्थापित एउटा डिष्टिलेशन प्लाण्टद्वारा मसलाको पातबाट तेल उत्पादन परीक्षण भैसकेको छ ।

## समस्याहरू

(१) खुला चरिचरन भएकाले गोठालाहरूले आगो लगाइदिंदा अग्निसंरक्षण कार्यमा कठिनाइ हुने ।
(२) हेभी मेशिनहरूको स्पेयर पार्ट्स स्थानीय बजारमा उपलब्ध नहुँदा साधनहरू समयमा मर्मत गर्न नसकिने ।
(३) यहाँका सवारी साधन, ढुवानी तथा विकासनिर्माणमा प्रयोग हुने साधनहरू धेरै पुरानो भइसकेकाले समय-समयमा काममा बाधा उत्पन्न हुने ।

## उपसंहार

सागरनाथ वनविकास परियोजनाको अनुभवलाई अझै परिष्कृत गर्दै लगी नेपालको वनक्षेत्रको विकास तथा व्यवस्थापनलाई अझै परिमार्जित गर्ने क्रममा 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' को लक्ष्यमा पुऱ्याउन सक्ने एउटा लन्चिङ प्याडको रूपमा लिनुपर्दछ । यहाँ शुरु गरिएका कृत्रिम वृक्षरोपण व्यवस्थापन तथा यसमा परिआएका समस्या तथा Labilities लाई Opportunity को रूपमा विकास गरेर भएका वृक्षरोपण क्षेत्रमा प्राकृतिक सालको वनको विकास गरिएको अनुभवलाई नेपालको वन क्षेत्रको विकासमा सकारात्मक पाइला सार्न ठूलो मद्दत पुऱ्याउन सक्छ भन्ने हाम्रो विश्वास छ ।

सम्पूर्ण राष्ट्रलाई चाहिने Particular सालका वनपैदावारको छिटो उत्पादन जस्तै– विद्युत् प्रसार तथा दूरसञ्चारका लागि पोलहरू, इन्धनको निमित्त दाउरा, युकालिप्टस आयलको निमित्त पातहरू, कागजको निमित्त पल्प आदिको निमित्त यस्ता परियोजना कुनै पनि देशको सर्वतोमुखी विकासको निम्ति आवश्यक हुन्छन् । तर त्योभन्दा पनि महत्त्वपूर्ण कुरा के छ भने नेपालजस्तो देशको परिप्रेक्ष्यमा यो सानो क्षेत्रको व्यवस्थापनले वैज्ञानिक वन व्यवस्थापन नगरी दिनप्रतिदिन ह्रास हुँदै गइरहेका नेपालको प्राकृतिक वनलाई प्राकृतिक पुनरुत्पादनबाट देश तथा समाजको Contemporary Need तथा दूरगामी आवश्यकताको निम्तिसमेत तुरुन्त व्यवस्थित गर्नु आजको आवश्यकता हो भन्ने बोध गराउन खोजेको छ ।

नेपालको प्राकृतिक वनको व्यवस्थापनबाट लाखौं भोकानाङ्गा नेपालीहरूको आधारभूत आवश्यकता परिपूर्तिमा मद्दत पुऱ्याउने मात्र होइन राष्ट्रकै अर्थतन्त्रमा समेत भरपर्दो टेवा पुऱ्याउन सकिन्छ । यस परियोजनाअन्तर्गत रोपिएका तथा प्रकृतिद्वारा पुनरुत्पादित वनजङ्गलहरूले हरहमेसा सुसेली मारेर, साउती गरेर, नेपालको प्राकृतिक सम्पदाको विकासबाट 'हे मानव ! आफ्नो कल्याण गर' भनेको भान हुन्छ । यस क्षेत्रका हजारौं हेक्टरमा प्रकृति तथा मानव दुवैसित दिनरात सङ्घर्षरत सालका लहलहाउँदा पालुवा बोटबिरुवाले अधिराज्यभरका सालको वन व्यवस्थापनले पेटमा चाउरी परेका, समय तथा विपन्नताको मारले कोत्रिएको अनुहार भए पनि कर्मठ नेपालीलाई रोजगार अवसर तथा विकासको अवसर प्रदान गर्न सक्ने क्षमता भएको प्रमाणित गरे तापनि यस क्षेत्रमा खासै उपलब्धि हासिल गर्न नसकेकोमा गहभरि आँसु पनि नआएको होइन तर आज ओठेस्तुति, भक्ति, तथ्यहीन विवरण प्रस्तुति भन्दा पनि यस सिलसिलामा वनक्षेत्रका पण्डितहरूले केही गर्न अग्रसर हुनैपर्ने आजको बाध्यता हो ।

सधैं विभाजित मनस्थिति, तुवाँलिएको दृष्टिकोण तथा कहालीलाग्दो झराइमा रहेको आजको नैतिक मूल्य (Value System) मा हामी अलमलिने हो भने यो प्रकृतिले प्रदान गरेको अपार, आह्लादित तथा अनुपम अवसर मानवजातिको विकासमा ठोस योगदानबिना नै खेर जाने स्थितिमा हामी सम्मिलित हुन्छौं ।

यस परियोजनाको अनुभवको आधारमा नेपालमा वन व्यवस्थापनको निम्ति मुख्य तीन पाठ सिक्न सकिन्छ ।

(१) प्राकृतिक रूपले पुनर्स्थापना हुन सक्ने वनजङ्गल विशेष गरी तराईको वनक्षेत्रलाई वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट तन्देरी बनाउन सकिन्छ। यस प्रक्रियाबाट राष्ट्र तथा (नेपालका कमजोरवर्ग) जनता दुवैको आर्थिक तथा सामाजिक उन्नतिमा ठूलो टेवा दिन सक्छ ।

(२) नेपालको वन व्यवस्थापन शुरु गर्नुभन्दा पहिले वनपैदावारको बजार व्यवस्थापनसम्बन्धी व्यवस्था अग्रिम रूपमा मिलाउन अति आवश्यक छ । कतिपय वनपैदावारको ट्रिटमेण्ट तथा प्रशोधनको व्यवस्थाबाट देश र समाजलाई अधिकतम फाइदा पुऱ्याउन सकिन्छ ।

(३) तराई क्षेत्रमा ग्रामीण बस्तीको छेउछाउमा प्राकृतिक पुनर्स्थापनाद्वारा पुनर्स्थापित हुन नसक्ने वनक्षेत्रमा कृषिवनको माध्यमबाट बृहत् वृक्षरोपण सञ्चालन गर्न सकिन्छ । यस प्रयोजनमा स्थानीय सीमान्त कृषकहरूलाई नै परिचालन गर्दा वृक्षरोपण, संरक्षण तथा व्यवस्थापनको साथै ग्रामीण अर्थतन्त्र उकास्नसमेत प्रभावकारी रूपमा मद्दत पुऱ्याउन सकिन्छ ।

---

* श्री रामप्रसाद पौडेल सागरनाथ वनविकास परियोजनाका का. मु. परियोजनाप्रमुख (रा. प. प्र. प्रा.) हुनुहुन्छ ।

## कुनैकुनै बिरुवाले कीराफटचाङ्ग्रा कसरी खान्छ ?

*कुनैकुनै बिरुवाहरूले कीराफटचाङ्ग्रा र सानासाना जीवजन्तुसमेतलाई आफ्नो विशेष आकारको अङ्गमा अल्झाएर आफ्नो आहारा बनाउने गर्दछन् । ती आहारालाई जन्तुले जस्तै चपाएर पचाउनेचाहिँ त होइन तर बिरुवामा रहेको पाचकयोगहरूसँग प्रतिक्रिया भई शक्तिको स्रोतको रूपमा रहन्छ । उदाहरणको लागि Pitcher plant कडाजस्तो आकार भएको बिरुवा, Venus's fly trap झिँगा अल्झाउने जाल भएको बिरुवा, Sundew नामक बिरुवा आदि । यी बिरुवाहरूका विशेष आकारको पातमा रहेको मीठो बास्नायुक्त नेक्टर र मसिना रौंहरूमा कीराफटचाङ्ग्रा अल्झिनेबित्तिकै बिर्कोले बन्द गर्दछ ।*

## किन रूखहरू पहाडको टुप्पोमा बढ्दैनन् ?

*रूखहरू पहाडको टुप्पोमा नबढ्नाको दुई प्रमुख कारण छन् । एउटा त पहाडको टुप्पोको क्षेत्र उदाङ्ग हुन्छ भने अर्को माटोको गहिराइ निकै कम हुने हुनाले जराले जमिनबाट चाहिने तत्त्वहरू सोसेर लिन नसक्ने गरी माटो जमेको हुन्छ ।*

*पहाडी क्षेत्रको लगभग ४,००० मिटर उचाइ क्षेत्रमा टिम्बरलाइन रेखाङ्कन गरिएको हुन्छ । साधारणतया टिम्बरलाइनको रेखाङ्कनको उचाइ भूमध्यरेखाबाट जति टाढा हुन्छ त्यति नै कम हुँदै जान्छ । स्थानीय हावापानी र माटोको अवस्थाअनुसार पनि टिम्बरलाइन रेखा फरक हुन सक्तछ । उत्तरी ध्रुव र दक्षिणी ध्रुवतिर अति नै चिसो भएको कारण कुनै पनि रूखबिरुवा उम्रन सक्तैन तसर्थ उक्त स्थानहरूमा टिम्बररेखा समुद्री सतहमै हुन्छ । त्यस्तै वनस्पति सतह पनि भूमध्यरेखादेखि दूरीअनुसार फरक हुँदै जान्छ । पहिले उष्णसतह अर्थात् बढी वर्षा हुने क्षेत्रमा बहुसङ्ख्यक रूखहरू उम्रने गर्दछन्, दोस्रो गर्मी सुक्खा क्षेत्रमा थोरै मात्रामा रूखहरू उम्रने गर्दछन् किनकि उक्त क्षेत्रमा कम वर्षा हुने गर्दछ । तेस्रो पतझड वा समशीतोष्ण सतह र चौथो कोणधारी सतह त्यसपछि मात्र टिम्बररेखा आउँछ । टिम्बर रेखाभन्दा माथि चिसो हिमक्षेत्रमा कुनै पनि वनस्पति उम्रन सक्तैन ।*

## धेरैजसो रूखहरू जाडो महिनामा पातबिनाका किन हुन्छन् ?

*धेरैजसो ठूला पात भएका रूखहरूमा पातहरू झर्ने गर्दछन् किनभने जाडो मौसम रूखहरूको आराम लिने समयको रूपमा लिइन्छ । उक्त समयमा खाना बनाउने प्रक्रियाको लागि महत्त्वपूर्ण भूमिका खेल्ने पातहरूको आवश्यकता कम मात्र हुन्छ र पुराना पातहरू झर्न थाल्दछन् र नयाँ पालुवा वसन्त ऋतुको आगमनसँगसँगै निस्कने गर्दछन् । यस किसिमका रूखहरू पतझडवर्गका हुन्छन् ।*

## प्रदूषणले नदीलाई कुन अवस्थामा नष्ट गर्दछ ?

*कुनै पनि नदी त्यसबेला नष्ट हुन्छ जब त्यस नदीमा जम्मा भएको प्रदूषित पदार्थमा रहेका कीटाणुले त्यस क्षेत्रमा रहेका अक्सिजन वा प्राणवायुको मात्रा रित्तिने गरेर सोसेर लिइसकेको हुन्छ । यस अवस्थामा पगिसकेपछि पूर्वनिहित नदीको त्यहाँ कुनै अस्तित्व हुँदैन ।*

**स्रोत : *1,000 Questions and Answers***

# रतुवामाई वृक्षरोपण आयोजना एक परिचय




सुरेन्द्रराज नेपाली*

**स्थापना, सिमाना, क्षेत्रफल**

झापा तथा इलाम जिल्लामा अतिक्रमण भै खेती भैसकेको ह्रासोन्मुख वनजङ्गललाई वृक्षरोपण गरी बढी उत्पादनशील वनजङ्गल बनाउन वनपैदावार विकास समितिअन्तर्गत रहने गरी रतुवामाई वृक्षरोपण आयोजनाको स्थापना आ. व. २०३५।०३६ मा भएको हो। यसको चौहद्दीमा पूर्वमा कन्काइमाई नदी, पश्चिममा रतुवा नदी पर्दछन् भने उत्तरमा यो चुलाचुलीको फेदीसम्म फैलिएको छ तथा पूर्व-पश्चिम राजमार्ग यसको दक्षिणी सिमाना भइदिएको छ । आयोजना शुरु हुँदाको अवस्थामा लेन्ड युज म्यापलाई आधार मानी डट काउन्टबाट निकालिएको क्षेत्रफलअनुसार यो आयोजना मोटामोटी ६,३७९ हेक्टरको देखिए पनि यसको उत्तरी सिमाना मानिएको इलाम जिल्लामा पर्ने चुलाचुलीको फेदी तल अवस्थित कमल, बारगोठेजस्ता गाउँहरू आयोजनालाई तोकिएको चौहद्दीभित्र अहिलेसम्म पनि जस्ताको तस्तै रहिरहेकोले आयोजना आफूलाई तोकिएको क्षेत्र इलाम जिल्लाबाट खुम्चिएर लगभग त्रिभुजाकारको २,८५३.७६ हे. क्षेत्र ओगटी झापा जिल्लाको उत्तर-पश्चिम कुनामा अङ्कित हुन पुगेको छ ।

यस आयोजनाको विगत पल्टाउँदा वनपैदावार विकास समितिले आफ्नै स्रोत र साधन उपयोग गरी रु. १,२२,२६,२५२।– को लागतमा आ. व. २०४०।०४१ सम्म २,२३८.८७ हे. वृक्षरोपण गरेको तथा त्यसपछि आ. व. २०४५।०४६ सम्म २५९ हे. क्षेत्रमा प्याच प्लान्टिङ/रिप्लान्टिङ गरेको देखिन्छ (तालिका– १) । यसरी आयोजनाले आ. व. २०३५।०३६ देखि आ. व. २०४५।०४६ सम्म ४२,६७,६९३ बिरुवा रोपिसकेको देखिन्छ, जसलाई प्रतिशतमा



हिसाब गर्दा रोपिएका बिरुवाहरूमध्ये सिसौ ७५.८५%, टिक १०.९१%, खयर २.८०%, जाडुल २.२०%, सिरिस १.८४%, सिमल ०.७४% तथा अन्य ५.६६% रहेको छ ।

तालिका– १

| सि. नं. | आर्थिक वर्ष | क्षेत्रफल (हे. मा) | कैफियत |
|---|---|---|---|
| १. | २०३५।०३६ | १०.०० | वृक्षरोपण |
| २. | २०३६।०३७ | ४४८.६० | " |
| ३. | २०३७।०३८ | ५०३.८५ | " |
| ४. | २०३८।०३९ | ५७३.४२ | " |
| ५. | २०३९।०४० | ६००.०० | " |
| ६. | २०४०।०४१ | १०३.०० | " |
| ७. | २०४१।०४२ | ५०.०० | प्याचप्लान्टिङ रिप्लान्टिङ |
| ८. | २०४२।०४३ | ४२.०० | " |
| ९. | २०४३।०४४ | ८२.०० | " |
| १०. | २०४४।०४५ | ८५.०० | " |

आयोजना करिब ११ वर्षको अवधिमा पुग्दा श्री ५ को सरकारको मिति २०४६।६।९ को निर्णयअनुसार झापा जिल्ला वन कार्यालयको काँधमा आयोजना सञ्चालन गर्ने जिम्मेवारी सर्न पुगेको देखिन्छ । तर संरक्षण पक्ष मजबुत पार्ने तथा आवश्यक सिल्भिकल्चर अपरेशन समयमै गर्न आयोजना क्षेत्र पुनः वनपैदावार विकास समितिलाई दिने भन्ने निर्णय श्री ५ को सरकारले मिति २०५१।६।७ मा लिएकाले २,५०६.२३ हे. वृक्षरोपण, १८० हे. सालको प्राकृतिक पुनरुत्थान क्षेत्र, २४.१२ हे. सालको जङ्गल तथा १४३.४१ हे. खाली क्षेत्रलाई म्यानेजमेन्ट प्लानअनुसार सञ्चालन गर्ने गरी रतुवामाई वृक्षरोपण आयोजनाको पुनः स्थापना मिति २०५१।१२।१५ मा भएको देखिन्छ ।

(बढी देखिएको वृक्षरोपण क्षेत्र नेपाल चियाविकास निगमले आ. व. २०४०।०४१ र २०४१।०४२ मा १६१.०९ हे. मा रोपेको मसला वृक्षरोपण तथा झापा जिल्ला वन कार्यालयले आ. व. २०३२।०३३ र २०३३।०३४ मा आयोजनाको पूर्वी किनारमा ८० हे. मा रोपेको सिसौ वृक्षरोपण थप भएकोले गर्दा हो ।)

## जमिनको स्थिति

आयोजना क्षेत्र भावर तथा तराईमा पर्दछ । यसको उचाइ ४०० फिटदेखि लिएर चुलाचुलीको फेदीसम्म ७०० फिटसम्म छ । जमिन उत्तरबाट दक्षिणतर्फ ढल्किएको छ तर अधिकांश भूभाग समथर नै छ । थोरै मात्रामा चाहिं भिरालो छ । धेरै ठाउँमा बर्सादी खोलाले गर्दा जमिन छियाछिया परेको छ– नाला आदि बनेको छ ।

## निकास

पानीको निकास दक्षिणतर्फ रहेको छ । आयोजना क्षेत्रभित्र पर्ने मुख्य नदीहरू पश्चिममा रतुवा तथा पूर्वमा कन्काइमाई नदी हुन् भने खोलाहरूमा (पश्चिमबाट पूर्व) गेउरिया, ढचाङ्ग्रे, केरखा, कमल, सतासी, दूधे, झरना-२, झरना-१, भालुखोला हुन् जुन बर्सादमा मात्र सक्रिय हुन्छन् । बर्सादमा आयोजनाको दक्षिणी सिमाना– विशेष गरी तराईको नीचो क्षेत्र (पूर्व-पश्चिम राजमार्गसँग जोडिएको भाग) वाटरलक्ड हुने गर्छ । कतिपय ठाउँमा यसो हुनुको कारण पानीको निकास नभएर पनि हो भने कतिपय ठाउँमा चिम्टचाइलो माटोले गर्दा पनि हो ।

## भूगर्भ संरचना

उत्तरतर्फ चुरे तथा दक्षिणतर्फ समथर भूमि छ । नदीको किनारमा पाँगो माटो तथा ग्रेभल देखिन्छ । ग्रेभल बालुवा मिसिएको तथा सबस्वाइल जोन वोल्डर भएको कारणले अधिकांश क्षेत्र भावरप्रदेशभित्र पर्ने देखिन्छ ।

## माटो

फोरेस्ट रिसोर्स सर्भे अफिसले १९७४ मा झापा फोरेस्ट डिभिजनमा गरेको स्वाइल सर्भेअनुसार (पब्लिकेशन नोट २४) दमक आसपास लोमिसेन्ड भएको देखिन्छ । सो नोटबाट माटोमा नाइट्रोजन, फसफोरस, तथा पोटासियमको मात्रा कम भएको तथा कतैकतै आइरनको मात्रा धेरै रहेको देखिन्छ । अकुलर सर्भे गर्दा आयोजना क्षेत्रको माटो लोमिसेन्ड, सेन्डीलोम, सेन्डिक्ले तथा क्लेमा विभक्त भएको देखिन्छ । माटोमा अम्लीय गुण छ र पी. एच. भ्यालु ७ भन्दा तल नै (५.३ देखि ५.७ मोटामोटी) छ ।

## हावापानी

आयोजना उष्णप्रदेशीय क्षेत्रमा पर्दछ । यहाँको हावापानीलाई मुख्यतया ३ भागमा बाँड्न सकिन्छ ।

(क) ग्रीष्म याम– चैतदेखि जेठसम्म

(ख) वर्षा याम– असारदेखि असोजसम्म

(ग) शिशिर याम– कात्तिकदेखि फागुनसम्म

जल तथा मौसम विज्ञानविभाग, कोसी वेशीन कार्यालय कन्काइ गैडे केन्द्रमा टिपिएको १९९० देखि १९९४ सम्मको वर्षासम्बन्धी रेकर्डलाई विश्लेषण गर्दा आयोजना क्षेत्रआसपास असारदेखि

असोजसम्म वर्षा राम्रो हुने तथ्य देखाएको छ। कुल वर्षाको ९४.६०% वर्षा जेठदेखि कात्तिकसम्म परेको देखिन्छ जसमध्ये वर्षा ऋतुमा मात्र ८३% वर्षा भएको देखिन्छ। विचारणीय कुरा के छ भने थोरै समयमा बढी वर्षा हुनु पनि बिरुवाको निम्ति खासै फाइदाजनक नहुन सक्छ बरु कुल मनसुनी वर्षाभन्दा पनि पानी परेको जम्मा दिन बिरुवाको वृद्धिको निम्ति अनुकूल हुन सक्छ। (पछिल्लो रेकर्ड उपलब्ध हुन सकेन)। कात्तिकपछि मङ्सीरका दिनहरूदेखि वैशाखका दिनहरूसम्म वर्षाको मात्रा जम्मा ५.४०% मात्र देखिन्छ। यसले सो अवधिमा जमिनमा चिसोपन नरहने तथा लगभग सुक्खाको स्थिति रहने सम्भावना दर्शाउँदछ।

सोही केन्द्रबाट टिपिएको तापक्रमसम्बन्धी रेकर्डलाई अध्ययन गदा असारदेखि असोजसम्म आयोजना क्षेत्रमा अधिकतम तथा न्यूनतम तापक्रम दुवै माथिल्लो सूचाङ्कमा पुगेको देखियो जुन अवधिमा मनसुनी वर्षा पनि सक्रिय रहेको पाइयो। यसले बिरुवाको वृद्धिको निम्ति उचित वातावरण तैयार गरेको देखिन्छ। कात्तिकदेखि तापक्रम घट्दै गएको र माघमा अधिकतम तथा न्यूनतम तापक्रम दुवै न्यूनतम बिन्दुमा पुगेको देखिन्छ।

## उद्देश्य

आयोजनाको उद्देश्यहरू निम्नलिखित छन्–

(क) वनजङ्गल क्षेत्रको उत्पादकत्व वृद्धि गर्न खाली चउर, नाङ्गा क्षेत्र, कटान क्षेत्रमा छिटो बढ्ने, बढी उत्पादन दिने, छोटो जीवनचक्र भएका बिरुवाहरू वृक्षरोपण गर्ने तथा प्राकृतिक पुनरुत्थान हुन सक्ने क्षेत्रमा पुनरुत्थानलाई चाहिने सुविधा जुटाई मूल्यवान् साल बिरुवाको व्यवस्थापन गर्ने।

(ख) विगतका वर्षमा रोपिएको तर राम्रो वृद्धिदर नभएका बिरुवाहरू सर्पट कटान गरी बजारलाई दाउराको आपूर्ति गर्ने।

(ग) विगतका वर्षमा रोपिएका र राम्रो वृद्धिदर भएका बिरुवाहरूमा क्रमश: आवश्यक सिल्भिकल्चर अपरेशनहरू गर्दै लाने तथा बजारलाई चाहिने दाउरा, पोल तथा काठ उपलब्ध गराउने।

(घ) आयोजनाक्षेत्रभित्र एग्रिसिल्भिकल्चर वा हर्टिसिल्भिकल्चर सिस्टमको थालनी गरी रोपिएका रूखहरूबीचको खाली स्थानहरूमा ननउड फोरेस्ट (जडीबुटी, अदुवा, कफी, माहुरीपालन, सुगन्धित घाँसको खेती, फलफूल खेती) को उत्पादन गरी छोटो अवधिमा पनि आयोजनाको निम्ति अतिरिक्त आम्दानी जुटाउने।

(ङ) आयोजनाक्षेत्रलाई बढी उत्पादनशील बनाउन वृक्षरोपणलाई बायोटिक इन्टरफरेन्सबाट जोगाउन स्थानीय जनतालाई उत्पादक हुने इनकम जेनरेटिङ मोडलमा उनीहरूलाई सहभागी गराई सरकार र जनताको आयस्रोत बढाउनमा मद्दत गर्ने।

(च) सरकारी तथा गैरसरकारी स्तरमा वृक्षरोपणको निम्ति आवश्यक पर्ने बिरुवाहरू उत्पादन गरी उचित मूल्यमा बिक्री गर्ने।



*सालको रिजनरेशन कम्पारेमेंट (रतुवामाई वृक्षरोपण आयोजना, झापा)*

(छ) वनजङ्गलमा आधारित सेकेन्डरी उड प्रोसेसिङ इन्डष्ट्रिजको आवश्यकतालाई ध्यान राखी ती निकायहरूसँग छलफल गरी आवश्यक पर्ने कच्चापदार्थको उत्पादन गर्ने ।

(ज) उपरोक्त कार्यहरू कार्यान्वयन गरी स्थानीय जनताको निम्ति पर्याप्त रोजगारीको अवसर सृजना गर्ने ।

(रतुवामाई वृक्षरोपण आयोजनालाई तयार पारिएको म्यानेजमेन्ट प्लानअनुसार)

## व्यवस्थापन पक्ष

आयोजनाको उद्देश्यलाई मूर्तरूप दिन मेनेजमेन्ट प्लानले आयोजनालाई ६ वटा वर्किङ सर्कलमा विभक्त गर्नुपर्ने देखाउँछ । वर्किङ सर्कल भने निम्नानुसारका छन्–

(क) प्लान्टेशन तथा इम्प्रुभमेन्ट वर्किङ सर्कल

(ख) साल रिजनरेशन वर्किङ सर्कल

(ग) डिमोन्स्ट्रेशन वर्किङ सर्कल

(घ) ओभरल्यापिङ वर्किङ सर्कल

(ङ) भी. डी. सी. वर्किङ सर्कल

(च) एक्स्टेन्सन वर्किङ सर्कल

यो म्यानेजमेन्ट प्लानले एक्सटेन्सन वर्किङ सर्कलबाहेक अन्य वर्किङ सर्कलको कार्यक्षेत्र ९४८ हे. तोकेको छ । जसमध्ये ७८० हे. क्षेत्रमा हार्भेष्टिङ तथा थिनिङ गर्नुपर्ने देखिन्छ । यसबाहेक १६१ हे. मसला वृक्षरोपण, ४३८ हे. सिसौ वृक्षरोपण, ११८ हे. टिक वृक्षरोपण, १०३ हे. साल रिजनरेशन थिनिङ तथा हार्भेष्टिङको निम्ति योग्य भैसकेको देखिन्छ । यिनीहरूबाट आयोजनाले तुरुन्त १५,७८६ पोल तथा २,१०० चट्टा दाउरा सङ्कलन गर्न सक्ने तथा हालको मूल्यमा सोबाट रु. १,८५,००,०००।– आम्दानी हुने देखिन्छ । साथसाथै थिनिङ तथा हार्भेष्टिङ कार्यको कार्यान्वयनपश्चात् ६०० हे. थप क्षेत्र वृक्षरोपणको निम्ति उपलब्ध हुने देखिन्छ ।

## स्पेसिङ तथा रोटेशन

विगतमा भएको वृक्षरोपणमा इन्टरक्रपिङ समावेश नभएकोले वृक्षरोपण स्पेसिङ २.५X२.५ मि. भए पनि अबको वृक्षरोपणमा इन्टरक्रपिङ एक महत्त्वपूर्ण पक्ष हुने भएकोले इन्टरक्रपिङ हुन सक्ने सम्भव स्थानको वृक्षरोपणहरूमा २X५ मि. को स्पेसिङ निश्चित गरिएको छ । फेरि सागरनाथ वनविकास परियोजना, सर्लाहीमा प्लान्टेशन कन्सलटेन्ट के. जे. ह्वाइटले मसलाको बिरुवामा गरेको ट्रायलअनुसार २X५ मि. स्पेसिङले अन्य स्पेसिङ (२X२ मि., २X३ मि., २X४ मि.) जतिकै भोल्यूम प्रोडक्सन गर्ने हुँदा कम स्पेसिङले थप गर्ने नर्सरी खर्च, वृक्षरोपण खर्चजस्ता खर्चहरूलाई चौडा स्पेसिङको प्रयोगले घटाउन सकिन्छ ।

आयोजनाले छिटो बढ्ने जातको बिरुवा रोपी दाउरा, पोल तथा काठ उत्पादन गर्ने लक्ष्य बोकेकोले दाउरा तथा पोल निस्कने बिरुवाको निम्ति (जस्तै मसलालाई) १० वर्षको रोटेशन तथा दाउरा, पोल तथा काठ निस्कने बिरुवाको निम्ति (जस्तै सिसौलाई)



*थिनिङबाट निस्केको दाउरा*

३८ वर्षको रोटेशन उपयुक्त ठानेको छ । हार्भेष्टिङपछि निस्कने मसलाको कपिसलाई भने ८ वर्षको रोटेशन उचित हुनेछ । तर पनि रोटेशन निश्चित गर्न बजारको माग, माटोसम्बन्धी अनुसन्धान, उपयुक्त बिरुवाको छनौट तथा बिरुवाको वृद्धिदरजस्ता पारामिटरको अध्ययन गर्न जरुरी हुन्छ ।

## प्रक्षेपण

रतुवामाई वृक्षरोपण आयोजना क्षेत्रभित्र शुरुदेखि नै खाली रहेको १४३ हे. क्षेत्र तथा छिटै नै हार्भेष्टिङ गरी खाली गर्न सकिने ६०० हे. क्षेत्रमा सिसौ, मसलाजातका बिरुवाहरू काठदाउरा, पोलका निम्ति वृक्षरोपण गरेर १४३ हे. सिसौ वृक्षरोपणबाट आउने २० वर्षमा २१,९६८ क्यू. मि. काठ (७१५ चट्टा दाउरा, २६,७४१ पोल, तथा २,२६,४२० क्यू. फि. सानो साइजको काठको रूपमा) उत्पादन भै अनुमानित रु. ८,५३,२९,१७१।– बराबरको आम्दानी हुने देखिन्छ भने ६०० हे. मसला वृक्षरोपणबाट आउने १० वर्षमा ६६,६०० क्यू. मि. काठ (३,२४० चट्टा दाउरा, १,५०,००० पोलको रूपमा) उत्पादन भै अनुमानित रु. १०,३६,०८,०००।– बराबरको आम्दानी हुने देखिन्छ ।

---

* लेखक रतुवामाई वृक्षरोपण आयोजनाका आयोजनाप्रमुख (रा. प. द्वि. प्रा.) हुनुहुन्छ ।

---

# हामीलाई सोध्नुस्

वन तथा वातावरणीय विषयहरूसँग सम्बन्धित पाठकहरूको जिज्ञासा शान्त गर्न यस 'वन-उपवन' मा प्रश्नोत्तरको व्यवस्था मिलाएका छौं । हामीलाई सोध्नुस्, हामी अवश्य जवाफ दिनेछौं । 'हामीलाई सोध्नुस्' शीर्षकअन्तर्गत छापिने त्यस्ता प्रश्नहरूको जवाफ सम्बन्धित विशेषज्ञबाटै दिलाउनेछौं ।

**–सम्पादक**

**हाम्रो ठेगाना**
हामीलाई सोध्नुस् (वन-उपवन)
वनपैदावार विकास समिति, केन्द्रीय कार्यालय
बबरमहल, काठमाडौं ।

---

# पाठकको पृष्ठ

पाठक– प्रकाशनको सोझो सम्पर्क हुने, पाठकको रुचि वा अरुचिका प्रतिक्रिया प्राप्त गर्नेजस्ता उद्देश्यबाट 'पाठकको पृष्ठ' 'वन-उपवन' को आगामी अङ्कहरूमा राख्नेछौं । पाठकहरूको सुझाव, प्रकाशित सामग्रीउपर प्रतिक्रिया अथवा कुनै रचनासमेत पठाउनुभएमा हामी प्रकाशित गर्नेछौं ।

**– सम्पादक**

**हाम्रो ठेगाना**
पाठकको पृष्ठ (वन-उपवन)
वनपैदावार विकास समिति
बबरमहल, काठमाडौं

# नेपालगन्ज वनविकास परियोजनाबारे एक जानकारी


दिव्यदेव भट्ट*

## परिचय

वनपैदावार विकास कार्यक्रम सञ्चालन गराउन श्री ५ को सरकारबाट पारित विकास समिति ऐन, २०१३ अन्तर्गत २०३३ सालमा वनपैदावार विकास समितिको स्थापना भएको हो । वनपैदावार विकास समितिअन्तर्गत नेपालगन्ज वनविकास परियोजना बाँके जिल्लाको कोहलपुर क्षेत्रमा २०४३ सालमा स्थापना भै हालसम्म बाँके र बर्दिया जिल्लाका ३,६८० हेक्टर वनक्षेत्रमा प्राकृतिक वनसुधार एवं वृक्षरोपण कार्यक्रम सञ्चालन भैसकेका छन् । वनजङ्गल क्षेत्रमा भैरहेको अनियन्त्रित चरिचरण, बसोबास र काठदाउराको कटानीले गर्दा यस क्षेत्रको जङ्गलको हैसियत कम हुँदै गैरहेकोले त्यस्ता स्थानका कम हैसियतको प्राकृतिक वनजङ्गललाई आधुनिक प्रविधि अपनाई उचित व्यवस्थापन र सुधारबाट छोटो अवधिमा छिटो बढ्ने र प्रतिफल दिन सक्ने बिरुवा उत्पादन गरी वनपैदावारको मागलाई आबद्ध समयभित्र नियमित आपूर्ति गर्न तथा वनसंरक्षण, संवर्धन र वातावरणीय सन्तुलनसमेत कायम राख्ने अभिप्राय लिई नेपालगन्ज वनविकास परियोजनाको स्थापना भएको हो ।

## वनविकास परियोजनाबाट कैलाली जिल्लामा कार्यक्रम सञ्चालन गर्नाको उद्देश्यहरू

यस परियोजना क्षेत्रमा वनका स-साना टुक्राबाहेक वन व्यवस्थापनको दृष्टिकोणबाट ठूला क्षेत्रहरू उपलब्ध हुने स्थिति कम भएको र कैलाली जिल्लामा वन व्यवस्थापनको दृष्टिकोणबाट उपयुक्त वनक्षेत्र उपलब्ध हुने एवं सुदूरपश्चिमाञ्चल क्षेत्रको मेरुदण्डको रूपमा रहेर पनि बिकासका कतिपय कार्यक्रमहरूबाट उक्त क्षेत्र टाढा रहेकोले वनविकास कार्यक्रमहरू यस जिल्लामा समेत सञ्चालन गर्न आवश्यक देखिएको छ । विकाससम्बन्धी कार्यक्रमहरू सुदूरपश्चिमाञ्चल क्षेत्रमा अन्य क्षेत्रको तुलनात्मक दृष्टीकोणबाट हेर्दा कम देखिन्छन् । उद्योग र रोजगारमूलक कार्यक्रमहरू पनि धेरै नै कम देखिन्छन् । वनविकास कार्यक्रमहरू यस जिल्लामा समेत शुरु गर्न आवश्यक भएकोले निम्न उद्देश्य लिई वनविकास परियोजना यस जिल्लामा लागू भएको छ । यस परियोजनाबाट सञ्चालन हुने कार्यक्रमहरू निम्नबमोजिम हुनेछन्–



**(१) वृक्षरोपण तथा प्राकृतिक वनसुधार गर्ने**

हाल यस जिल्लाको ३,००० हेक्टर वनक्षेत्रलाई आवश्यकतानुसार वृक्षरोपण गर्ने र प्राकृतिक वनसुधार कार्यक्रमसमेत सञ्चालन गराइने कार्यक्रमहरू रहनेछन् । वृक्षरोपण गराउँदा कम हैसियत र वृद्धि कम हुँदै गैरहेका रूखहरू र पातला भैसकेका, अतिक्रमण हुन सक्ने वनहरूमा वृक्षरोपण कार्यक्रम सञ्चालन गराउँदा हटाउनुपर्ने रूख हटाउने कार्यक्रम पनि रहनेछ । यस कार्यक्रम सञ्चालन गराउँदा निम्न प्रत्यक्ष फाइदा हुनेछन्–

(क) स्थानीय जनतालाई रोजगार उपलब्ध हुने ।

(ख) उक्त वनक्षेत्र वन अतिक्रमणबाट रोकथाम हुने ।

(ग) प्राकृतिक वनसुधार र वृक्षरोपण गर्दा काठदाउरा उपलब्ध हुने ।

(घ) छिटो हुर्किने बिरुवा वृक्षरोपण गर्दा ५.१० वर्षमा काठ, दाउरा र पोल उपलब्ध हुने ।

(ङ) वृक्षरोपण र प्राकृतिक वनसुधारबाट वातावरणीय सन्तुलन कायम हुने ।

(च) मनोरञ्जनस्थलहरूको स्थापना र विकास गर्नेतर्फ व्यवस्था गर्ने ।

**(२) नर्सरी तथा ट्रायलप्लट स्थापना गर्ने**

वनविकास कार्यक्रमहरू सञ्चालन गराउन करिब २० लाख बिरुवा उत्पादन क्षमताको एक सेन्ट्रल नर्सरी र आवश्यक भएको क्षेत्रमा क्षेत्रगत नर्सरी स्थापना गराइनेछ । नर्सरी सञ्चालनबाट स्थानीय जनताहरूले रोजगार प्राप्त गर्नेछन् । नर्सरीमा छिटो हुर्किने जातका वनसम्बन्धी बिरुवा उत्पादन गराइनेछन् । वनसम्बन्धी बिरुवाबाहेक फलफूल तथा जडीबुटी आदिका बिरुवासमेत उत्पादन गर्ने प्रयास गरिनेछ । नर्सरी क्षेत्रसँगै विभिन्न जातका वनसम्बन्धी बिरुवा एवं फलफूल र जडीबुटीको प्रदर्शन र सम्भाव्यता अध्ययन, बीउसङ्कलन गराउने आदि उद्देश्य राखी नर्सरी क्षेत्रभित्र नै एउटा ट्रायलप्लट स्थापना गरिनेछ । त्यस्ता किसिमका ट्रायलप्लटहरू कृषकको खेतबारी वा वनक्षेत्र वा पर्तीक्षेत्रमा पनि सञ्चालन गराइनेछन् । जसबाट कृषकहरूलाई थप आयमूलक कार्यक्रमबारे जानकारी हुनेछ ।

**(३) कृषि वन प्रविधि विकास गर्ने**

कृषकहरूलाई थप रोजगार र आयस्रोतको व्यवस्था गर्न परियोजना क्षेत्र र कृषकको खेतबारीमा सम्भाव्य भएका क्षेत्रहरूमा एग्रोफोरेस्ट्री कार्यक्रम सञ्चालन गराउन प्रोत्साहन गराइनेछ ।

**(४) वनविकासका पूर्वाधार निर्माण गर्ने**

वनपथ, अग्निसंरक्षण रेखा, तारबार गर्नेजस्ता कार्यक्रम सञ्चालन गराउँदा बाटोघाटोको व्यवस्था हुनुको साथसाथै जनताले रोजगार पाउने एवं अग्निनियन्त्रणमा समेत टेवा पुग्नेछ । तारबार गरी हेरालुबाट थप वनक्षेत्र संरक्षण हुने र रोजगारका अवसरहरू सृजना हुनेछन् ।

**(५) कन्जरभेसन र अनुसन्धानजस्ता कार्यक्रमहरू सञ्चालन गर्न**

सानातिना नदीनाला, गल्छी नियन्त्रण आदि कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गराउनेतर्फ आवश्यक व्यवस्था र तत्सम्बन्धी आवश्यक अनुसन्धान एवं प्रचारप्रसार गर्ने कार्य गर्दा सम्बन्धित क्षेत्रका वनको हैसियतमा वृद्धि भई स्थानीय जनतासमेत लाभान्वित हुनेछन् ।

**(६) मनोरञ्जन क्षेत्रको व्यवस्थापन गर्ने**

पर्यटनको दृष्टिकोणबाट सम्भाव्य क्षेत्रहरूको विकास गर्ने कार्यहरू सञ्चालन गराउँदा परियोजना एवं त्यस भेगका जनताहरूलाई प्रत्यक्ष फाइदा पुग्नुको साथसाथै पर्यटन विकासका कार्यक्रमहरूबाट राष्ट्रिय विकासमा समेत टेवा पुग्न जाने हुँदा पर्यटनको दृष्टिकोणबाट उपयुक्त क्षेत्रहरू छनौट गरी त्यस्ता स्थलहरूको विकास गराइनेछ ।

---

८ लेखक नेपालगन्ज वनविकास परियोजनामा का. मु. परियोजना प्रमुख (रा. प. प्र. प्रा.) हुनुहुन्छ ।

## भोजपत्र

भोजपत्रमा अनेक महत्त्वपूर्ण रचनाहरू लेखिएका छन् । संस्कृतमा यसलाई पवित्र 'भूर्ज' तथा अङ्ग्रेजीमा 'बर्च' भनिन्छ । यसैलाई जर्मनी भाषामा 'बर्चा' वा 'बर्क', लिथुआनियन भाषामा 'बेजर्स' र स्लावोनियनमा 'ब्रेजा' भनिन्छ । संस्कृत नाम 'भूर्ज' सँग यी सबै भाषाहरूको अद्भुत साम्यता देखिन्छ । हिमालय क्षेत्रमा यस वृक्षको दुई प्रजातिहरू पाइन्छन्, 'बेटुला डेटिलिस' र 'बेटला एल्नोयडिस' ।

साहित्यमा पनि भोजपत्रको प्रचुर उल्लेख पाइन्छ । भनिन्छ, अप्सरा उर्वशीले दैवी शक्तिद्वारा भोजपत्र उत्पन्न गरेर त्यसमा पुरुखालाई प्रेमसन्देश लेखेर पठाइन् तर उसको विदूषकले भोजपत्रको रङ्गको कारण त्यसलाई साँप सम्झियो ।

**(पूजा के पेड–पौँधेबाट)**

# सिसौमा रोग

– डा. सुशीमरञ्जन बराल*

नेपालको तराई र मध्यपहाडी भेगमा द्रुतगतिमा वनविनाश हुँदै गएकोले काठदाउराको कमी भएको सर्वविदितै छ । यसर्थ उक्त समस्यालाई कम गर्न त्यस भेगका जनताहरूले अब आफ्नै खेतबारीमा केही मात्रामै भए पनि रूखबिरुवाहरू लगाउन थालेका छन् । यसरी लगाइने रूखहरूमध्ये तराईमा सबैभन्दा बढी रुचाइएको रूख सिसौ हो । सिसौलाई मन पराइनुपर्ने मुख्य कारणचाहिँ यो बिरुवा चाँडो बढ्नु, काठ (Timber) र दाउरा (Firewood) दुवैका लागि उपयुक्त हुनु र यसको जरामा पाइने गिर्खाले हावामा भएको नाइट्रोजन (बिरुवा वृद्धिका लागि आवश्यक तत्त्व) लाई समातेर माटो मलिलो पारिदिने आदि कारणहरू नै हुन् ।

नेपालमा कति क्षेत्रफलमा सिसौ रोपिएको छ भन्ने कुरा किटान गन गाह्रो छ किनकि सरकारी वा गैरसरकारी (व्यक्तिगत, सामुदायिक) स्तरमा यसको तथ्याङ्क उपलब्ध छैन तथापि सरसर्ती हेर्दा अन्य रूखभन्दा सिसौ नै बढी लगाइएको भने देखिन्छ र यो क्रम जारी नै रहेमा भविष्यमा सिसौको बाहुल्यता हुन जाने निश्चित छ ।

प्राकृतिक वनमा त विभिन्न रूखबिरुवाहरू हुन्छन् । यस्ता सम्मिश्रणमा बिरुवाहरूमा लाग्न सक्ने रोगको डर कम हुन्छ र रोग लागे तापनि त्यसका असर भयानक नहुन सक्छ । तर एउटै वृक्षलाई धेरै क्षेत्रफलमा वृक्षरोपण गरी हुर्काइएको (Monoculture) स्थानमा भने त्यसमा रोग लाग्ने सम्भावना बढ्न जान्छ र त्यसबाट ठूलो क्षति पनि हुन सक्छ । झन्डै यस्तै समस्या हाल विभिन्न सिसौ वृक्षरोपण क्षेत्रहरूमा देखापर्न थालेका छन् ।

वनविभागले भारतका एक वैज्ञानिकको सहायतामा झन्डै डेढ वर्षअघि यस समस्याबारे एउटा अध्ययन गरेको थियो । उक्त अध्ययनले सुनसरी जिल्लामा एक प्रकारको कीरा (Beetles) तथा ढुसी जातको रोग (Fungus) ले सुनसरी जिल्लाका सिसौमा क्षति पुग्न गएको बारे प्रकाश पारेको छ । वन अनुसन्धान तथा सर्वेक्षण केन्द्रले गरेको अर्को अध्ययनमा सर्लाही, पर्सा, बारा, मकवानपुर तथा रूपन्देही जिल्लाका सिसौ वृक्षरोपण क्षेत्रमा पात खाने कीरा (Defoliating catterpillar) देखाएको छ र अन्य क्षेत्रमा पनि यो कीरा हुन सक्ने सम्भावना छ । यसले सिसौको पात निमिटयान्नै पारेर खाइदिने हुनाले बिरुवाको वृद्धि एकदमै कम हुनुका साथै बिरुवा मर्छ पनि । खास गरी यसको आक्रमण सिसौका सानासाना रूखबिरुवाहरूमै हुनाले यसबाट हुने क्षति पनि ठूलो हुन सक्छ ।

**सिसौमा लाग्ने रोग-कीटका केही लक्षणहरू**

१) पात पहेंलो हुनु ।

२) बोक्रा (Bark) भित्र कीराहरू हुनु ।

३) बिरुवाहरूको पात लाभ्रेले खानु ।

**रोकथामका उपाय**

१) बोक्राभित्रका कीरा तथा पात खाने लाभ्रेको सङ्ख्या थोरै भएमा हातले टिपेर जलाउनु नै बेस हुन्छ । तर सङ्ख्या बढी भएमा २ देखि ३ मिलिलिटर सुमीसीडीन भन्ने विषादिलाई एक लिटर पानीमा मिसाएर कीरामाथि छर्कनुपर्छ ।

२) ढुसी जातका रोग (Fungi) ले आक्रमण गरेको रहेछ भने र बिरुवा पहेंलिदै गएको छ भनेचाहिँ सम्बन्धित विशेषज्ञद्वारा रोगको पहिचान गराएर मात्र रोकथाम गर्नुपर्दछ ।

हुन त सरसर्ती हेर्दा हालसम्म नेपालमा गरिएको सिसौ वृक्षरोपणमा रोगको त्यतिसारो असर देखिएको छैन तर हाल जेजति देखापर्न थालेका छन् त्यसबाट हामीले सचेत भने हुनुपर्छ नै ।

---

* लेखक वनअनुसन्धान तथा सर्वेक्षण केन्द्र, बबरमहलमा कार्यरत हुनुहुन्छ ।

---

## शिशुपार्क

स्पास्युनेको दम्पतीलाई पुत्ररत्न प्राप्त भयो । यस शुभअवसरको स्मृतिमा उनीहरूले याल्टा प्रसूतिगृह, क्रिमियाको हातामा सरुको एउटा बिरुवा रोपे । चाँडै नै अरू नवजात शिशुहरूका मातापिताले पनि तिनको अनुसरण गरे । आज याल्टाको शिशुपार्कमा अनेकौं सरु, देवदारु तथा अन्य सुन्दर वृक्षहरू लहलहाइरहेका छन् ।

**(स्पुतनिकबाट)**

# खयरबारे जानकारी

नेपालको तराई तथा भित्रीमधेश र पहाडको खोंचमा (१,००० मिटर उचाइसम्म), खास गरी नदीनालाको छेउछाउमा उम्रने खयरको वैज्ञानिक नाम एकासिया केटेचू (Acacia catechu) हो । प्राय: बाङ्गोटिङ्गो भै हुर्कने यस रूखको महत्त्व पानसेवनको विकाससँग निकै गाँसिएको छ । ढिलो बढ्ने भए तापनि आर्थिक दृष्टिकोणले समाजमा यस रूखको बेग्लै महत्त्व छ ।

## प्रयोग

**खाद्यपदार्थ** : काठको भित्री भाग अर्थात् चुरो (Heart wood) कत्थाको मुख्य स्रोत हो। कत्थालाई जुन Catechin को अप्रशोधित रूप हो, पान तथा सुपारीसाथ चपाइने गरिन्छ ।

**डालेघाँस** : यसको मध्यम खालको घाँस हुन्छ र यसमा १२ देखि १८ प्रतिशत प्रोटिन हुन्छ । यसको घाँस खास गरी बाखालाई मात्र खुवाइन्छ । अन्य बस्तुभाउलाई खुवाउने चलन धेरै कम मात्रामा पाइन्छ ।

**दाउरा** : खयर राम्रो दाउरा हो साथै गोल बनाउनको लागि यो अत्यन्तै राम्रो हुन्छ ।

**काठ** : निकै बलियो हुन्छ। विशेष गरी तेल पेल्न र हलो बनाउन यसको प्रयोग गरिन्छ ।

**जडीबुटी** : चुरो अर्थात् Heart wood लाई स-सानो टुक्रा बनाई पानीमा उमाली गाढा पारिएको रस मर्केको ठाउँमा लेप लगाउने गरिन्छ । कत्था पेट दुखेको बेलामा पनि खाने गरिन्छ ।

**माटोसुधार** : नाइट्रोजन स्थिर गर्ने रूख भएको हुँदा यसले माटोको उब्जाउ क्षमतामा सुधार गर्छ ।

**अन्य** : चुरो अर्थात् Heart wood कचको साथै टायनिक अम्ल (Tannic acid) को पनि स्रोत हो । यसलाई छाला प्रशोधन र सुकाउने कार्यमा प्रयोग गरिन्छ । नाइलनको डोरी प्रचलनमा आउनुभन्दा अघि माछा मार्ने धागोको संरक्षण गर्न यसलाई व्यापक रूपले प्रयोग गरिन्थ्यो ।

## उपेक्षित क्षेत्र

तराईमा र तराईदेखि १,००० मिटर उचाइसम्म यो रूख पाइन्छ । विशेष गरी कुलोको स्रोत र खोलानालाको पत्थरी क्षेत्रमा यो राम्रोसँग हुर्कन्छ । अन्य विभिन्न प्रकारको माटोमा पनि यसको विकास सन्तोषप्रद छ । माटोलाई राम्रोसँग संरक्षण गर्ने भएको कारण अक्सर गरेर भूक्षय भएको स्थानमा यसलाई वृक्षरोपण गरिन्छ । भूक्षयग्रस्त खोलाको किनारामा जङ्गलको रूपमा विकसित हुने यो सर्वप्रथम रूख हो ।

सानो बेनदिखि नै तुषारो खप्न सक्ने क्षमता भएको यस रूखले खडेरी पनि सहन सक्तछ । यो ज्यादा प्रकाश चाहना गर्ने रूख हो ।

## वृद्धिदर

उपयुक्त क्षेत्रमा उच्चतम वृद्धि भएको खण्डमा यो प्रतिवर्ष उचाइमा १ मिटर र व्यासमा १.२ से. मि. सम्म बढ्न सक्छ । वृक्षरोपण क्षेत्रमा प्रतिवर्ष प्रतिहेक्टर ६ देखि १० घनमिटरसम्म वृद्धि हुन सक्ने यसको क्षमता छ ।

## रूखको विवरण

यो एक मध्यम खालको रूख हो। साना हाँगाहरूमा एकआपसमा उल्टो जोडी खालको कालो, छोटो तर घुमाउरो काँडाहरूको जोडी हुन्छ। छत्र साधारणतया हल्का र प्वाँखे हुन्छ। बोक्रा गाढा फुस्रो, खैरो हुन्छ र साँघुरो पट्टिमा तहतह परेको हुन्छ ।

## पात

यो पतझड रूख हो। एकान्तरको रूपले पालैपालोसँग आएको पात बाइपिनेट (डाँठमा दोहोरो पत्ता भएको संयुक्त पात) हो र यो खालि २ देखि ३ मिलिमिटर लामो हुन्छ। साथै पातको डाँठ काँडेदार हुन्छ ।

## फूल

नौनीको रङ्गको पहेंलो सुगन्धित र खुकुलो बेलनाकारको रूपले झुन्डिएको फूल ज्येष्ठ र आषाढमा देखापर्छ ।

## फल

यसको कोसा ७ देखि १० से. मि. लामो, गाढा खैरो र चेप्टो परेको हुन्छ । प्रतिकोसामा ५ देखि ६ बीउ हुन्छन् ।

## बीउ

बीउ चेप्टो र कडा बोक्रा भएको दलहनको जस्तै हुन्छ। एक किलोग्राममा खयरको बीउ ३०,००० देखि ४०,००० सम्म बीउ हुन्छन् ।

## उपयुक्त विस्तार कार्य

बोटबिरुवा वा रुट सकरबाट यस जातिको विस्तार हुन्छ ।

## बीउसङ्कलन

बीउ कोसा खुल्न शुरु हुनुभन्दा पहिले नै सङ्कलन गर्नुपर्छ। बीउ सङ्कलन मङ्सीरदेखि चैतसम्ममा गरिन सकिने भए तापनि माघ-फागुनमै सङ्कलन गर्नु उपयुक्त हुन्छ ।

## बीउ उपचार

खयरको कोसालाई घाममा सुकाइन्छ र लट्ठीले चुटेर बीउ छुट्टचाइन्छ । यी बीउहरूलाई घाममा पूरा सुकाउनुपर्दछ । बीउ भण्डार गर्दा हावा नछिर्ने भाँडोमा राखेर चिसो ठाउँमा राख्नुपर्दछ र यस्ता बीउको जैविकत्व करिब ८ महिनाको हुन्छ । यस बीउमा घुन र अन्य कीरा लाग्न सक्ने भएकोले केही मात्रामा कीटनाशक औषधि मिसाउनु राम्रो हुन्छ ।

## बीउ छर्नुअगाडि बीउको उपचार

राम्रोसँग अङ्कुरण प्राप्त गर्न बीउलाई छर्नुअगाडि उपचार गर्नु आवश्यक छ । बीउको आयतनभन्दा १५ गुणा बढी आयतन भएको उमालेर भर्खरै बाहिर निकालेको पानीमा बीउलाई २ देखि ३ मिनेटसम्म डुबाउनुपर्दछ । त्यसपछि यसलाई २४ घण्टासम्म चिसो पानीमा भिजाएर राख्नुपर्दछ ।

यसको विकल्पमा बीउको Hilum (गाढा दागको रूपमा रहने बीउ झुन्डिने स्थान) को विपरीत अर्को छेउमा नङ काट्नेले वा तीखो छुराले काटेर बीउको उपचार गर्ने र तत्पश्चात् बीउ छर्न लायक हुन्छ ।

## बीउ छर्ने तरिका

विशेष गरी श्रावणमा गरिने वृक्षरोपणको लागि चैत्र-वैशाखमा बीउ छरिसक्नुपर्दछ । बीउ छर्दा प्रतिब्याग २ गोटा बीउको दरले ७५X१७५ मिलिमिटर (३X७ इञ्च) नापको पोलिथिन ब्यागमा छर्नुपर्छ । पोलिथिनमा भर्ने माटोको मिश्रण– २ भाग माटो, १ भाग बालुवा र १ भाग मल हुनुपर्दछ । यदि एकेशिया जातको रूखमुनिको माटो मिसाएको खण्डमा जराको गाँठोको विकासमा निश्चिन्त हुन सकिन्छ । बीउलाई वर्षाबाट बचाउन घाँसपातले छोप्नुपर्दछ र बीउ अङ्कुरण भएपछि घाँसपात हटाउनुपर्दछ । साधारणतया उपचार गरी छरिएका बीउको अङ्कुरण ३-४ दिनपछि शुरु हुन थाल्दछ र अङ्कुरण करिब ८०-९०% सम्म हुन्छ ।

यसबाहेक बीउलाई ब्याडमा पनि छर्न सकिन्छ । ब्याडमा बीउ छरिसकेपछि चेप्टो खालको काठको सानो टुक्राले माटोको सतहमा बालुवाले हल्का रूपले छोपी स्थिरता आउने गरी दबाउनुपर्दछ । बीउ अङ्कुरणपछि बेर्नाको मसिनो जरा तल पर्ने गरी यसलाई बालुवाले हल्कासँग ढाकी दैनिकझैं अङ्कुरण भएका बेर्नाहरूलाई पोलिथिन ब्यागमा सार्नुपर्दछ ।

## नर्सरीमा हेरचाह

प्रतिब्याग एउटा बेर्ना हुने दरले अरू बेर्नालाई निकाल्नुपर्दछ । अङ्कुरणको तत्कालै बेर्नालाई पनि सार्न सकिन्छ, अन्यथा यसलाई हटाइदिनुपर्छ । ४-५ हप्ताको अवधिपछि ५-१० से. मि. फराकिलो हुने गरी ब्यागको पङ्क्तिपङ्क्तिबीच ठाउँ छोड्नुपर्दछ । यही समयमा नै जराको काटछाँट गर्नुपर्दछ र यो कार्य प्रत्येक १०-१४ दिनको अन्त्यसम्म गर्नुपर्दछ । यो कार्य गर्न ढिलो भएमा बेर्ना सुक्छ र बिरुवालाई उचाल्दा बिरुवा मर्छ ।

## नर्सरी अवधि

तराईमा १२ देखि १४ हप्ता र पहाडमा १४ देखि १६ हप्तामा बिरुवा वृक्षरोपण गर्न लायकको हुन्छ । वृक्षरोपणको लागि बिरुवा २०-३० से. मि. अग्लो र कोलार (जरा र काण्ड समायोजन स्थान) को व्यास ३ मिलिमिटर वा सोभन्दा बढी उपयुक्त हुन्छ ।

## उपसंहार

खयर बहुउपयोगी रूख भए तापनि सबभन्दा बढी कत्थाको लागि उपयोगी सिद्ध भएकोले अन्य प्रयोगभन्दा कत्थाको लागि नै प्रयोग गरिएमा आर्थिक दृष्टिकोणले बढी फाइदाजनक हुने देखिन्छ ।

**(कल्पवृक्षबाट)**

## वनपैदावार विकास समितिको सूचना

सागरनाथ वनविकास परियोजना सर्लाहीमा मसलाको वृक्षरोपणक्षेत्रबाट प्रतिवर्ष उत्पादित दाउरा, हाँगाबिँगा (Lops & Tops) र पातहरू के-कस्ता उद्योगहरू सञ्चालन गर्न, कति वर्षको लागि र कति परिमाणमा त्यस्ता कच्चापदार्थहरू आवश्यक पर्ने हो सोको विस्तृत प्रपोजल बनाई यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र वनपैदावार विकास समितिको कार्यालय बबरमहलमा पेश गर्नुहुन इच्छुक सङ्घ-संस्था, उद्योगहरू र सर्वसाधारणसमेत सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ । साथै परियोजनाबाट १० वर्ष अवधिसम्मको लागि प्रतिवर्ष उत्पादन हुन सक्ने दाउरा, हाँगाबिँगा र पातहरूको परिमाणको विवरण यस कार्यालयको सदुपयोग शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

(गोरखापत्र २०५३।२।२१)

श्री ५ को सरकार

# वन तथा भूसंरक्षण मन्त्रालय

## वनपैदावार विकास समिति

सागरनाथ वनविकास परियोजना, सर्लाही

आगामी वर्षहरूमा उत्पादन हुने वनपैदावारहरू :

मसला पोल ११० हेक्टर र दाउरा चटा ६ हे. हाँगाबिंगा ७ मे. टन / हे. पात ५ मे. टन / हे. — अन्य प्रणाली

| क्र. सं. | वर्ष | हेक्टर | पोलहरू गोटा | क्यू. फि. | दाउरा चटा | हाँगाबिंगा मे. टनमा | पात मे. टनमा | औसत अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ०५२/०५३ | ३००.०० | ३३,००० गोटा | १,१५,५००.०० | १,८००.०० | २,१००.०० | १,५००.०० | ११.५० वर्ष | हालसम्म हाँगाबिंगा स्थानीय |
| २. | ०५३/०५४ | ४००.०० | ४४,००० " | १,५४,०००.०० | २,४००.०० | २,८००.०० | २,०००.०० | १२.०० " | गाउँलेले नि:शुल्क लैजाने |
| ३. | ०५४/०५५ | ५००.०० | ५५,००० " | १,९२,५००.०० | ३,०००.०० | ३,५००.०० | २,५००.०० | १२.०० " | गरेका छन् । |
| ४. | ०५५/०५६ | ६००.०० | ६६,००० " | २,३१,०००.०० | ३,६००.०० | ४,२००.०० | ३,०००.०० | ११.०० " | |
| ५. | ०५६/०५७ | ७००.०० | ७७,००० " | २,६९,५००.०० | ४,२००.०० | ४,८००.०० | ३,५००.०० | १०.०० " | |
| ६. | ०५७/०५८ | ८००.०० | ८८,००० " | ३,०८,०००.०० | ४,८००.०० | ५,६००.०० | ४,०००.०० | ९.०० " | |
| ७. | ०५८/०५९ | ९००.०० | ९९,००० " | ३,४६,५००.०० | ५,४००.०० | ६,३००.०० | ४,५००.०० | ९.०० " | |
| ८. | ०५९/०६० | ९००.०० | ९९,००० " | ३,४६,५००.०० | ५,४००.०० | ६,३००.०० | ४,५००.०० | ८.०० " | |
| ९. | ०६०/०६१ | ७३५.१९ | ८०,८७१ " | २,८३,०४८.५० | ४,४११.१४ | ५,१४६.३३ | ३,६७५.९५ | ८.०० " | आ. व. ०५२।०५३ मा ५० |
| १०. | ०६१/०६२ | ५६५.८९ | ६२,२४८ " | २,१७,८६८.०० | ३,३९५.३४ | ३,९६१.२३ | २,८२९.४५ | ८.०० " | हे. मसला वृक्षरोपण |
| ११. | ०६२/०६३ | ६५०.०० | ७१,५०० " | २,५०,२५०.०० | ३,९००.०० | ४,५५०.०० | ३,२५०.०० | ८.०० " | आ. व. ०५३।०५४ मा १०० |
| १२. | ०६३/०६४ | ७५०.०० | ८२,५०० " | २,८८,७५०.०० | ४,५००.०० | ५,२६०.०० | ३,७५०.०० | ८.५० " | हे. वृक्षरोपण |
| १३. | ०६४/०६५ | ८५०.०० | ९३,५०० " | ३,२७,२५०.०० | ५,१००.०० | ५,९५०.०० | ४,२५०.०० | ८.५० " | आ. व. ०५४।०५५ मा १०० |
| १४. | ०६५/०६६ | ९५०.०० | १,०४,५०० " | ३,६५,७५०.०० | ५,७००.०० | ६,६५०.०० | ४,७५०.०० | ८.५० " | आ. व. ०५५।०५६ मा " |
| १५. | ०६६/०६७ | १०५०.०० | १,१५,५०० " | ४,०४,२५०.०० | ६,३००.०० | ७,३५०.०० | ५,२५०.०० | ८.५० " | आ. व. ०५६।०५७ मा " |
| १६. | ०६७/०६८ | १०५०.०० | १,१५,५०० " | ४,०४,२५०.०० | ६,३००.०० | ७,३५०.०० | ५,२५०.०० | ८.५० " | आ. व. ०५७।०५८ मा " |
| १७. | ०६८/०६९ | ८३५.०० | ९१,८५० " | ३,३१,४७५.०० | ५,०१०.०० | ५,८४५.०० | ४,१७५.०० | ८.५० " | आ. व. ०५८।०५९ मा " |
| १८. | ०६९/०७० | ६६५.०० | ७३,१५० " | २,५६,०२५.०० | ३,९९०.०० | ४,६५५.०० | ३,३२५.०० | ८.५० " | आ. व. ०५९।०६० मा " |
| १९. | ०७०/०७१ | ७५०.०० | ८२,५०० " | २,८८,७५०.०० | ४,५००.०० | ५,२५०.०० | ३,७५०.०० | ८.५० " | आ. व. ०६०।०६१ मा " |
| २०. | ०७१/०७२ | ८५०.०० | ९३,५०० " | ३,२७,२५०.०० | ५,१००.०० | ५,९५०.०० | ४,२५०.०० | ८.५० " | आ. व. ०६१।०६२ मा " |

# काठदाउराको बिक्री दर

'वनपैदावार विकास समिति' ले वृक्षरोपण क्षेत्रमा प्राप्त हुने प्राकृतिक काठदाउरा र वृक्षरोपण गरी उत्पादन गरेका काठ-दाउरा लिलाम प्रक्रियाबाट बिक्रीवितरण गरिआएको छ । मसलाको पोलको हकमा सोझै बिक्री गर्ने गरिएको छ । काठदाउरा बिक्रीवितरणको दररेट निम्नानुसार कायम गरिएको बेहोरा सहर्ष जानकारी गराउँछौं–

१. प्राकृतिक वनजङ्गलबाट निस्केका काठदाउराको दर :

| | | | |
|---|---|---|---|
| (क) साल | – | रु. ३६०।– | प्रतिक्यूफिट |
| (ख) असना | – | रु. १७५।– | " |
| (ग) कर्मा | – | रु. १७५।– | " |
| (घ) जामुन | – | रु. १७५।– | " |
| (ङ) सिसौं | – | रु. २००।– | " |
| (च) सिमल, गुटेल, आँप आदि | – | रु. १२०।– | " |
| (छ) हर्रो, बर्रो, शिरीष, टुनी | – | रु. १६०।– | " |
| (ज) बाँझी, बोटधधेरो, चिलाउने, गम्हारी | – | रु. १२०।– | " |
| (झ) भुडकुल | – | रु. ११०।– | " |
| (ञ) अन्य जात | – | रु. ७०।– | " |

२. जुनसुकै जातको प्राकृतिक दाउरा रु. ६,०००।– प्रतिचट्टा (२०X५X५)

३. वृक्षरोपण गरी उत्पादन गरिएको काठदाउराको दररेट

| | | | |
|---|---|---|---|
| (क) मसलाको पोल | – | रु. १५०।– | प्रतिक्यूफिट |
| (ख) थिनिङबाट निस्केको (रतुवामाई) (सागवान (टिक) को बजार परीक्षण मूल्य) | – | रु. ३५०।– | प्रतिक्यूफिट |
| (ग) दाउरा | | | |
| मसला जातको दाउरा | – | रु. ६,१००।– | प्रतिचट्टा (२०X५X५) |
| टिक जातको दाउरा | – | रु. ४,७००।– | " " |
| सिसौ जातको दाउरा | – | रु. ४,५५०।– | " " |
| मसला, टिक र सिसौबाहेक मिश्रित अन्य जातका दाउरा | – | रु. ४,५००।– | " " |
| (घ) सालको रिजेनरेशन कमार्टमेन्ट थिनिङबाट निस्केको दाउरा | – | रु. ५,०००।– | " " |

सबै काठदाउरा बिक्रीवितरणसम्बन्धी सूचना समय-समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने गरेको छ। मसलाको पोलको हकमा केन्द्रीय कार्यालयमा रकम जम्मा गरी जोसुकैले लिन चाहेमा पनि उपलब्ध गराइएको छ। अन्य काठदाउरा लिलाम प्रक्रियाबाट बिक्रीवितरण हुने गरेको ब्यहोरा माथि नै उल्लेख गरिएको छ। विस्तृत विवरण बुझ्नुपरेमा परियोजनाहरू तथा केन्द्रीय कार्यालयको सदुपयोग शाखामा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

वनपैदावार विकास समिति

केन्द्रीय कार्यालय

काठमाडौं ।

मुद्रक:– साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर। फोन ५–२१०२३